सिलीचोङ गाउँपालिका
जनस्वास्थ्य ऐन, २०८३

सभाबाट पारित मिति:२०८३/०३/१०
प्रमाणीकरण मिति :२०८३/०३/१८
राजपत्रमा प्रकाशन मिति :२०८३/०३/१९

आधारभूत जनस्वास्थ्य सेवा सञ्चालन र व्यवस्थापन सम्बन्धी कानूनलाई संसोधन र एकीकरण गर्न वनेको ऐन

प्रस्तावना : नेपालको संविधानले प्रत्याभूत गरेको निःशुल्क आधारभूत तथा आकस्मिक स्वास्थ्य सेवा सम्बन्धी नागरिकको मौलिक हकको कार्यान्वयन सुनिश्चित गर्न, गाउँपालिका क्षेत्रभित्र स्वास्थ्य सेवा प्रदायक संस्थाहरूको स्थापना, सञ्चालन, इजाजत, अनुगमन र व्यवस्थापनलाई व्यवस्थित तथा प्रभावकारी बनाउन, साथै जनस्वास्थ्य सम्बन्धी सेवालाई गुणस्तरीय, सुरक्षित, सहज र सुलभ रूपले प्रवाह गर्न आवश्यक कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकाले,

नेपालको संविधानको धारा २२६ को उपधारा (१) बमोजिम गाउँ सभाले यो ऐन बनाएको छ ।

परिच्छेद-१
प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यस ऐनको नाम "सिलीचोङ गाउँपालिका जनस्वास्थ्य ऐन, २०८३" रहेको छ ।

(२) यो ऐन सिलीचोङ गाउँपालिकाको स्थानीय राजपत्रमा प्रकाशन भएको मितिबाट प्रारम्भ हुनेछ ।

२. **परिभाषा** : विषय वा प्रसँगले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) **"अध्यक्ष"** भन्नाले सिलीचोङ गाउँपालिकाको अध्यक्षलाई सम्झनुपर्छ ।

(ख) **"अनुगमन समिति"** भन्नाले स्वास्थ्य संस्थाको अनुगमन, निरीक्षण र मूल्याङ्कन गर्न गठित दफा ५७ बमोजिमको अनुगमन तथा गुणस्तर समिति र सो अन्तर्गत बनेको प्राविधिक उप-समितिलाई सम्झनुपर्छ ।

(ग) **"आकस्मिक उपचार सेवा"** भन्नाले आकस्मिक घटना वा आपत्कालीन अवस्था परी जीवन जोखिमयुक्त अवस्थामा रहेका व्यक्तिहरूको जीवनलाई जोखिममुक्त गर्न, कुनै अङ्ग गुम्न वा अशक्त हुने अवस्थाबाट बचाउन आवश्यकता अनुसार तत्कालै दिनुपर्ने प्रारम्भिक तथा तत्काल सेवा सम्झनुपर्छ ।

(घ) **"आधारभूत स्वास्थ्य सेवा"** भन्नाले आम नागरिकको स्वास्थ्य आवश्यकता पूर्तिका लागि राज्यबाट सुलभ रूपमा निःशुल्क उपलब्ध हुने नेपाल सरकारले तोकेका प्रवर्द्धनात्मक, प्रतिकारात्मक,उपचारात्मक, निदानात्मक र पुनर्स्थापनात्मक सेवा सम्झनुपर्छ र सो शब्दले दफा ३ बमोजिम गाउँपालिकाले थप गरेका आधारभूत स्वास्थ्य सेवालाई समेत जनाउनेछ ।

(ङ) **"उपाध्यक्ष"** भन्नाले सिलीचोङ गाउँपालिकाको उपाध्यक्षलाई सम्झनुपर्छ ।

(च) **"कार्यपालिका"** भन्नाले सिलीचोङ गाउँपालिका गाउँ कार्यपालिकालाई सम्झनुपर्छ ।

(छ) **"गाउँपालिका"** भन्नाले सिलीचोङ गाउँपालिका सम्झनुपर्छ ।

(ज) **"गैरसरकारी वा निजी स्वास्थ्य संस्था"** भन्नाले प्रचलित कानून बमोजिम स्वीकृति लिई गैरसरकारी वा निजी वा सहकारी क्षेत्रको लगानी तथा स्वामित्वमा सञ्चालन भएका स्वास्थ्य संस्थालाई सम्झनुपर्छ र सो शब्दले सामुदायिक वा गुठी वा ट्रष्टमार्फत सञ्चालित गैरनाफामूलक स्वास्थ्य संस्थालाई समेत जनाउँछ ।

(झ) **"चिकित्सक तथा स्वास्थ्यकर्मी"** भन्नाले प्रचलित कानून बमोजिम चिकित्सक, नर्स वा स्वास्थ्यकर्मीका रूपमा सम्बन्धित परिषदमा दर्ता भएको व्यक्ति सम्झनुपर्छ ।

(ञ) **"जनस्वास्थ्य अधिकारी"** भन्नाले जनस्वास्थ्य अधिकृतलाई सम्झनुपर्छ र सो शब्दले गाउँपालिकाको स्वास्थ्य शाखा प्रमुख भई कार्य गर्न तोकिएको कर्मचारी समेतलाई जनाउछ।

(ट) **"जनस्वास्थ्य निरीक्षक"** भन्नाले स्वास्थ्य संस्था र जनस्वास्थ्य सम्बन्धी गुणस्तर अनुगमन तथा निरीक्षण गर्न प्रचलित कानून कानून बमोजिमको योग्यता पुगेको दफा ३१ बमोजिमको स्वास्थ्य अधिकारीलाई सम्झनुपर्छ।

(ठ) **"तोकिएको' वा 'तोकिए बमोजिम"** भन्नाले यस ऐन अन्तर्गत बनेको नियम वा निर्देशिका वा कार्यविधिमा तोकिएको वा तोकिए बमोजिम सम्झनुपर्छ ।

(ड) **"प्रमुख प्रशासकीय अधिकृत"** भन्नाले सिलीचोङ गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनुपर्छ ।

(ढ) **"व्यवस्थापन समिति"** भन्नाले गाउँपालिका अन्तर्गतका स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समितिलाई सम्झनुपर्छ ।

(ण) **"सरकारी स्वास्थ्य संस्था"** भन्नाले सिलीचोङ गाउँपालिका क्षेत्रभित्र गाउँपालिका, प्रदेश सरकार र नेपाल सरकारले सञ्चालन गरेका स्वास्थ्य संस्था सम्झनुपर्छ र सो शब्दले कानून बमोजिम

स्थापना भएका स्वशासित सङ्गठित संस्था मातहतमा सञ्चालित प्रतिष्ठान र शिक्षण अस्पताललाई समेत जनाउँछ ।

(त) **"सेवाग्राही"** भन्नाले स्वास्थ्य सेवा लिने व्यक्ति सम्झनुपर्छ ।

(थ) **"सेवा प्रदायक"** भन्नाले मान्यता प्राप्त शिक्षण संस्थाबाट स्वास्थ्य सेवाका विषयमा निश्चित योग्यता वा तालिम हासिल गरी सम्बन्धित परिषदबाट अनुमति प्राप्त स्वास्थ्य संस्थामा कार्यरत चिकित्सक तथा स्वास्थ्यकर्मी सम्झनुपर्छ र सो शब्दले स्वास्थ्य सेवा प्रदान गर्ने कानून बमोजिम अनुमति प्राप्त स्वास्थ्य संस्थालाई समेत जनाउँछ ।

(द) **"स्वास्थ्य सेवा"** भन्नाले आधुनिक चिकित्सा (एलोप्याथी), आयुर्वेद सहित अन्य वैकल्पिक चिकित्सा पद्धतिमा आधारित भई प्रदान गरिने प्रवर्द्धनात्मक, प्रतिकारात्मक, निदानात्मक, उपचारात्मक, पुनर्स्थापनात्मक सेवा सम्झनुपर्छ ।

(ध) **"स्वास्थ्य संस्था"** भन्नाले सरकारी स्वास्थ्य संस्थालाई सम्झनुपर्छ र सो शब्दले प्रचलित कानूनबमोजिम गाउँपालिका क्षेत्रभित्र स्थापित सामुदायिक वा गैरसरकारी वा निजी वा सहकारी वा गैरनाफामूलक रूपमा स्थापना भएका स्वास्थ्य संस्थालाई समेत जनाउँछ ।

(न) **"शाखा"** भन्नाले गाउँपालिका अन्तर्गतको स्वास्थ्य शाखालाई सम्झनुपर्छ ।

(न) परिच्छेद-२

स्वास्थ्य सेवा तथा सेवा प्रदायक

३. **स्वास्थ्य सेवामा पहुँच** : (१) प्रत्येक नागरिकलाई आधारभूत स्वास्थ्य सेवामा सहज र सुलभ पहुँच हुनेछ ।

(२) प्रत्येक नागरिकलाई देहाय बमोजिमका आधारभूत स्वास्थ्य सेवाहरू निःशुल्क प्राप्त हुनेछ;-

(क) खोप सेवा,

(ख) एकीकृत नवजात शिशु तथा बालरोग व्यवस्थापन, पोषण सेवा, गर्भवती, प्रसव तथा सुत्केरी सेवा, परिवार नियोजन, गर्भपतन तथा प्रजनन स्वास्थ्य जस्ता स्वास्थ्य सेवा,

(ग) सरुवा रोग सम्बन्धी सेवा,

(घ) नसर्ने रोग तथा शारीरिक विकलाङ्गता सम्बन्धी सेवा,

(ङ) मानसिक रोग तथा मनोसामाजिक परामर्श सम्बन्धी सेवा,

(च) जेष्ठ नागरिक स्वास्थ्य सम्बन्धी सेवा,

(छ) सामान्य आकस्मिक अस्वस्थताको सेवा

(ज) स्वास्थ्य प्रवर्द्धन सेवा,

(झ) आयुर्वेद तथा अन्य मान्यता प्राप्त वैकल्पिक स्वास्थ्य सेवा,

(ञ) नेपाल सरकार, कोशी प्रदेश सरकार र गाउँपालिकाले राजपत्रमा सूचना जारी गरी तोकेका अन्य सेवा,

(३) उपदफा (२) बमोजिमका सेवाका अतिरिक्त स्थानीय आवश्यकता र उपलब्ध स्रोत साधनका आधारमा कार्यपालिकाले निश्चित वर्ग, समूह, लिङ्ग वा क्षेत्रका नागरिकलाई कुनै स्वास्थ्य सेवा निःशुल्क उपलब्ध गराउन सक्नेछ ।

(४) गाउँपालिका स्तरमा रहेको आधारभूत स्वास्थ्य संस्थाको क्षमताको आधारमा गाउँपालिकाले चिकित्सकीय कानूनी (मेडिको-लिगल) सेवा सञ्चालन गर्न सक्नेछ ।

(५) गाउँपालिका स्तरमा रहेको आधारभूत स्वास्थ्य संस्थाको क्षमताको आधारमा गाउँपालिकाले रक्त सञ्चार सेवा सञ्चालन गर्न सक्नेछ ।

(६) आधारभूत स्वास्थ्य सेवा व्यवस्थापन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

४. **स्वास्थ्य सेवा प्रदायक** : (१) गाउँपालिका क्षेत्रभित्र सञ्चालनमा रहेका सरकारी स्वास्थ्य संस्था तथा समुदायमा आधारित स्वास्थ्य कार्यक्रम मार्फत आधारभूत स्वास्थ्य सेवा उपलब्ध हुनेछ ।

(२) उपदफा (१) का अतिरिक्त नेपाल सरकार, प्रदेश सरकार, र गाउँपालिकाले तोकेका स्वास्थ्य संस्थाबाट निःशुल्क रूपमा आधारभूत स्वास्थ्य सेवा उपलब्ध हुनेछ ।

५. **साझेदारी र सहकार्य गर्न सक्ने**: (१) गाउँपालिकाले आधारभूत स्वास्थ्य सेवा लगायतका स्वास्थ्य सेवा प्रवाह गर्न आवश्यकता अनुसार स्थानीय, प्रादेशिक तथा संघीय तहका सरकारी, गैरसरकारी वा निजी स्वास्थ्य संस्था, शिक्षण अस्पताल तथा संघ-संस्थासँग साझेदारी गर्न सक्नेछ ।

(२) गाउँपालिकाले स्वास्थ्य सेवामा पहुँच विस्तार र गुणस्तरीय स्वास्थ्य सेवा प्रवाहका लागि जिल्ला अस्पताल वा प्रादेशिक अस्पताल वा विशिष्टीकृत सेवा प्रवाह गर्ने अस्पताल वा शिक्षण अस्पतालसँगको साझेदरितामा टेली मेडीशिन वा टेली अस्पाताल सञ्चालन गर्न सक्नेछ ।

(३) उपदफा (२) बमोजिम सञ्चालन हुने टेली मेडिसिन वा टेली अस्पताल सञ्चालन सम्बन्धी अन्य व्यवस्था गाउँपालिका र सम्बन्धित संस्थाबीच रहेको सम्झौता बमोजिम हुनेछ ।

६. **विद्यालयमा स्वास्थ्य सेवा** : (१) गाउँपालिकाले सरकारी तथा निजी शैक्षिक निकाय तथा विद्यालयहरू सँग सहकार्य गरी विद्यालयमा स्वास्थ्य सेवा प्रदान गर्न सक्नेछ ।

(२) विद्यालय स्वास्थ्य सेवा र विद्यालय नर्स सम्बन्धी व्यवस्थाको प्रकृति र मापदण्ड गाउँपालिकाले तोके बमोजिम हुनेछ ।

७. **घुम्ती शिविर सम्बन्धी व्यवस्था** : गाउँभित्र स्वास्थ्य सम्बन्धी घुम्ती शिविर सञ्चालन गर्न चाहने व्यक्ति वा संस्थाले वडा कार्यालयसँग समन्वय र शाखाको सहमति लिनुपर्नेछ ।

८. **विशेषज्ञ स्वास्थ्य सेवा** :(१) गाउँपालिकाले मातहतका स्वास्थ्य संस्थामार्फत प्रचलित मापदण्ड बमोजिम विशेषज्ञ सेवा प्रदान गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको सेवा प्रदान गर्न गाउँपालिकाले अन्य सरकारी तथा गैरसरकारी वा निजी स्वास्थ्य संस्थासँग साझेदारी गर्न सक्नेछ ।

(३) स्वास्थ्य सेवामा गाउँवासीको पहुँच पुर्‍याउन गाउँपालिकाले दुरचिकित्सा, विशेषज्ञ स्वास्थ्य शिविर, विद्युतीय स्वास्थ्य जस्ता सेवा, प्रविधि तथा प्रकृया अवलम्बन गर्न सक्नेछ ।

(४) विशेषज्ञ सेवासम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

९. **सेवा खरिद सम्झौता गर्न सक्ने** : (१) गाउँपालिकाले गाउँपालिका क्षेत्रभित्र सञ्चालित सरकारी, गैरसरकारी तथा निजी स्वास्थ्य संस्थासँग सेवा खरिद सम्झौता गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको सेवा खरिद गर्दा प्रचलित सार्वजनिक खरिद सम्बन्धी कानूनले तोकेको प्रक्रिया पुरा गरी खरिद सम्झौता गर्नु पर्नेछ ।

१०. **गाउँ फार्मेसी सञ्चालन गर्न सक्ने** : (१) गाउँपालिकाले गाउँवासीलाई सुपथ मूल्यमा गुणस्तरीय औषधी उपलब्ध गराउने प्रयोजनको लागि छुट्टै गाउँ फार्मेसी सञ्चालन गर्न सक्नेछ ।

(२) फार्मेसी सञ्चालन सम्बन्धी अन्य व्यवस्था फार्मेसी सञ्चालन निर्देशिका र प्रचलित कानून बमोजिम हुनेछ ।

११. **सामाजिक सुरक्षा र स्वास्थ्य बिमा** : (१) गाउँपालिकाका सबै नागरिकलाई प्रचलित कानून बमोजिम अनिवार्य स्वास्थ्य बिमा कार्यक्रममा आबद्ध गराउन गाउँपालिकाले समन्वय र सहजीकरण गर्नेछ ।

(२) गाउँपालिकाले महिला, बालबालिका, किशोरकिशोरी, दलित, अपाङ्गता भएका व्यक्ति, अशक्त, जेष्ठ नागरिक र अन्य विशेष संरक्षणको आवश्यकता भएका लक्षित समूहका लागि विशेष सामाजिक स्वास्थ्य सुरक्षा कार्यक्रमहरू सञ्चालन गर्न सक्नेछ ।

(३) गाउँबासीको स्वास्थ्य बिमामा पहुँच वृद्धि गर्नका लागि गाउँपालिकाले तोकिए बमोजिम नेपाल स्वास्थ्य बिमा बोर्डलाई भुक्तानी गर्नु पर्ने बिमा शुल्क भुक्तानी गरिदिन सक्नेछ ।

(४) गाउँपालिकाले आफ्नो श्रोत साधन र क्षमताको आधारमा निर्वाचित प्रतिनिधि र कर्मचारीको परिवारको नेपाल स्वास्थ्य बिमा बोर्डमा स्वास्थ्य बिमा गरिदिन सक्नेछ ।

(५) विपन्न नागरिकको औषधि उपचारका लागि गाउँपालिकाले विपन्न नागरिक औषधोपचार कोष स्थापना र सञ्चालन गर्न सक्नेछ ।

(६) उपदफा (५) बमोजिमको कोष सञ्चालन र अन्य व्यवस्थापनका लागि कार्यपालिकाले छुट्टै एक कार्यविधि जारी गर्न सक्नेछ ।

१२. **शाखा सम्बन्धी व्यवस्था** : आधारभूत स्वास्थ्य सेवा तथा यस ऐन बमोजिम स्वास्थ्य सम्बन्धी गतिविधि र जनस्वास्थ्यका कार्यक्रम सञ्चालन गर्नका लागि गाउँपालिकामा स्वास्थ्य सम्बन्धी शाखा र आवश्यकता अनुसार उपशाखा वा इकाई रहनेछ ।

परिच्छेद-३

सेवाग्राहीको कर्तव्य र सेवा प्रदायकको दायित्व

१३. **सेवाग्राहीको कर्तव्य**: (१) आफूलाई पायक पर्ने स्वास्थ्य संस्थामा गई स्वास्थ्य संस्थाबाट प्रदान गरिने सेवा लिनु, नियमित स्वास्थ्य परीक्षण गराउनु, आफ्नो स्वास्थ्य अवस्थासँग सम्बन्धित यथार्थ जानकारी गराउनु र परामर्श लिनु तथा जनस्वास्थ्य सम्बन्धी कार्यक्रममा सहभागी हुनु प्रत्येक सेवाग्राहीको कर्तव्य हुनेछ ।

(२) आफ्नो स्वास्थ्यको सम्बन्धमा सचेत रहनु, स्वस्थ जीवनशैली अपनाउनु, नियमित योग तथा शारीरिक व्यायम गर्नु स्वास्थ्य अवस्थाको बारेमा जानकारी लिनु र चिकित्सक तथा स्वास्थ्यकर्मीलाई मर्यादित एवम् शिष्ट व्यवहार गर्नु प्रत्येक सेवाग्राहीको कर्तव्य हुनेछ ।

(३) गाउँपालिकाले प्रदान गर्ने सेवा र सूचनाका बारेमा जानकारी लिनु गाउँवासीको कर्तव्य हुनेछ ।

(४) स्वास्थ्य सेवा प्राप्त गर्ने व्यक्तिले स्वास्थ्य संस्थाको नियमको पालना गर्नु पर्नेछ ।

(५) स्वास्थ्यकर्मी प्रति शारीरिक, मानसिक वा लैङ्गिक हिंसा हुने काम गर्नु गराउनु हुदैन ।

(६) चिकित्सक वा स्वास्थ्यकर्मीद्वारा सिफारिस गरिएको आंशिक वा पूरा उपचार लिन अस्विकार गरेको अवस्थामा उपचार कार्ड वा डिस्चार्ज सर्टिफिकेटमा उल्लेख गरि हस्ताक्षर गर्ने ।

१४. **थुनेर वा बाँधेर राख्न नहुने**: (१) मानसिक स्वास्थ्य वा जुनसुकै स्वास्थ्य समस्या भएका व्यक्तिहरुलाई कसैले पनि थुनेर वा बाँधेर राख्ने वा खोरमा थुन्ने जस्ता कार्य गर्न गराउनु हुदैन ।

(२) उपदफा (१) विपरीत कार्य गरे गराएको थाहा पाउने व्यक्तिले कार्यपालिका वा स्वास्थ्य संस्थालाई सो विषयको सूचना दिनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम सूचना प्राप्त भएमा गाउँपालिका वा स्वास्थ्य संस्थाले स्वास्थ्य संस्थामा लगि उपचार गर्ने गराउने, उपचार खर्च दिने र स्वस्थ रहन तथा उपचार गर्ने कार्यमा सहयोग तथा सहजीकरण गर्नु गराउनु पर्नेछ।

१५. **सेवा प्रदायकको दायित्व** : (१) सेवाग्राहीप्रति समान, शिष्ट र मर्यादित रूपमा स्वास्थ्य सेवा प्रदान गर्नु तथा उपचारसम्बन्धी विधि र सूचना स्पष्टसँग जानकारी उपलब्ध गराउनु स्वास्थ्य सेवा प्रदायकको दायित्व हुनेछ ।

(२) कुनै पनि स्वास्थ्य संस्था र सेवा प्रदायकले स्वास्थ्य उपचार तथा सेवामा कसैलाई निजको उत्पत्ति, लिङ्ग, धर्म, वर्ण, जात, वर्ग, पहिचान, शारीरिक वा स्वास्थ्य अवस्था, अपाङ्गता, वैवाहिक स्थिति, गर्भावस्था, वैचारिक आस्था, आर्थिक अवस्था वा यस्तै अन्य कुनै आधारमा भेदभाव गर्न गराउन पाइनेछैन ।

(३) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि बिरामीको स्वास्थ्य अवस्थाको गाम्भिर्यताको आधारमा सेवा प्रदायकले उपचार गर्दा प्राथमिकीकरण गर्न सक्नेछ ।

(४) स्वास्थ्य संस्थामा उपचार तथा सेवा प्रदान गर्दा र निजको स्वास्थ्यसम्बन्धी जानकारी लिँदा सेवाग्राहीको व्यक्तिगत गोपनीयताको हक सुनिश्चितता गराउनु सेवा प्रदायकको दायित्व हुनेछ ।

(५) स्वास्थ्य संस्था र चिकित्सक तथा स्वास्थ्यकर्मीले सम्बन्धित परिषदले निर्धारण गरे बमोजिमका पेसागत आचरण र प्रचलित मापदण्ड तथा प्रोटोकल पालना गर्नुपर्नेछ ।

(६) स्वास्थ्य संस्थाले आफूले उपलब्ध गराएको स्वास्थ्य सेवासँग सम्बन्धित सूचना प्रवाह गर्ने व्यवस्था मिलाउनु पर्नेछ ।

१६. **स्वास्थ्य सेवा अवरुद्ध गर्न नपाइने** : स्वास्थ्य सेवा अत्यावश्यक सेवा भएकोले कुनै पनि स्वास्थ्य संस्थामा नियमित र आकस्मिक सेवा अवरुद्ध गर्न पाइनेछैन ।

१७. **गुनासो व्यवस्थापन** : (१) गाउँपालिकाले स्वास्थ्य सेवा र जनस्वास्थ्यसँग सम्बन्धित गुनासो र उजुरीको सङ्कलन गर्ने र त्यसको सम्बोधनको लागि सिफारिस गर्न शाखामा एक गुनासो सुन्ने अधिकारी तोक्नेछ ।

(२) सबै स्वास्थ्य संस्थाले सबैले देख्ने ठाउँमा उजुरीपेटिका राख्ने र नियमित रूपमा खोल्ने व्यवस्था मिलाउनुपर्नेछ ।

(३) गुनासो व्यवस्थापनसम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

१८. **पेसागत सुरक्षा र कार्यमैत्री वातावरण** : स्वास्थ्य संस्थामा भयरहित रूपमा उपचार तथा सेवा प्रदान गर्न पेसागत सुरक्षा र कार्यमैत्री वातावरण हुनेछ ।

परिच्छेद-४

स्वास्थ्य संस्था सञ्चालन इजाजत सम्बन्धी व्यवस्था

१९. **इजाजतपत्र लिनुपर्ने** ; (१) इजाजतपत्र प्राप्त नगरी कुनै पनि गैरसरकारी वा निजी संस्थाले गाउँपालिका क्षेत्रभित्र स्वास्थ्यसँग सम्बन्धित कुनैपनि सेवा उपलब्ध गराउन पाइनेछैन ।

(२) गाउँपालिका क्षेत्रभित्र देहाय बमोजिमको सेवा प्रवाह गर्न चाहने स्वास्थ्य संस्थाले सञ्चालनको लागि गाउँपालिकाबाट इजाजतपत्र लिनुपर्नेछ; -

(क) पच्चिस शैय्यासम्मको अस्पताल,

(ख) स्वास्थ्य क्लिनिक, आयुर्वेदिक क्लिनिक, होमियोप्याथी क्लिनिक सेवा (आम्ची) क्लिनिक र यस्तै प्रकारका अन्य क्लिनिकहरू,

(ग) पोलिक्लिनिक, डेन्टल क्लिनिक र विशेषज्ञ क्लिनिक,

(घ) औषधी पसल,

(ङ) फिजियोथेरापी केन्द्र, पुनःस्थापना केन्द्र, प्राकृतिक उपचार केन्द्र, अकुपन्चर, अकुप्रेसर केन्द्र, युनानी उपचार केन्द्र, योग ध्यान तथा शारीरिक व्यायम केन्द्र, परम्परागत सेवा क्लिनिक र यस्तै प्रकारका क्लिनिक तथा सेवा केन्द्रहरू,

(च) जेरियाट्रिक परामर्श केन्द्र,

(छ) प्रयोगशाला (डी र ई वर्गको),

(ज) आरोग्य केन्द्र,

(झ) वैकल्पिक तथा प्राकृतिक चिकित्सा सम्बन्धी सेवा,

(ञ) तोकिए बमोजिमका अन्य स्वास्थ्य सेवा ।

(३) यो ऐन प्रारम्भ हुनुअघि गाउँपालिका क्षेत्रभित्र सञ्चालित गैरसरकारी वा निजी स्वास्थ्य संस्थाहरूले गाउँपालिकाले तोकेको प्रकृया बमोजिम यो ऐन प्रारम्भ भएको तीन महिनाभित्र इजाजतपत्र लिन वा नवीकरणका लागि निवेदन दिनुपर्नेछ ।

(४) उपदफा (३) बमोजिमका स्वास्थ्य संस्थाले प्रचलित कानून बमोजिमको मापदण्ड पुरा गरे नगरेको सम्बन्धमा अनुगमन समितिले जाँचबुझ गरी वा गराई गाउँपालिकालाई सिफारिस गर्नेछ ।

(५) उपदफा (४) बमोजिम अनुगमन गर्दा मापदण्ड पूरा गरेको पाइएमा गाउँपालिकाले स्वास्थ्य संस्था तथा सेवा सञ्चालन सम्बन्धमा आवश्यक सर्त तोकी, तोकिए बमोजिमको ढाँचामा सञ्चालन इजाजतपत्र दिन सक्नेछ ।

(६) उपदफा (४) बमोजिम अनुगमन गर्दा मापदण्ड र गुणस्तर पूरा नगरेको पाइएमा गाउँपालिकाले त्यस्ता स्वास्थ्य संस्था बन्द गर्न सक्नेछ ।

(७) स्वास्थ्य संस्थाले प्रत्येक आर्थिक वर्ष समाप्त भएको मितिले एक महिनाभित्र गाउँपालिकाले तोकेबमोजिमको विवरण सहितको स्वमूल्याङ्कन प्रतिवेदन गाउँपालिका समक्ष पेस गर्नुपर्नेछ ।

(८) कुनै कारणले स्वास्थ्य संस्था बन्द गर्नुपर्ने वा गाउँपालिका क्षेत्रबाट अन्यत्र सार्नुपर्ने भएमा वा सेवा विस्तार गर्नु परेमा गाउँपालिकालाई अग्रिम जानकारी गराउनुपर्नेछ ।

(९) स्वास्थ्य संस्था तथा सेवा सञ्चालन अनुमति र इजाजतपत्रसम्बन्धी अन्य व्यवस्था र मापदण्ड नेपाल सरकारले निर्धारण गरेको न्यूनतम् मापदण्डमा आधारित रही गाउँपालिकाले तोक्नेछ ।

(१०) उपदफा (९) बमोजिमको मापदण्ड नबनेसम्मका लागि स्वास्थ्य संस्था तथा सेवा सञ्चालन अनुमति, इजाजतपत्र र नवीकरण सम्बन्धी अन्य व्यवस्था र मापदण्ड प्रचलित कानून बमोजिम हुनेछ ।

(११) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि गाउँपालिका अन्तर्गत सञ्चालित स्वास्थ्य संस्थाले इजाजत अनुमति लिनुपर्ने छैन तर प्रचलित कानून बमोजिमको न्यूनतम् गुणस्तर मापदण्ड भने पूरा गरेको हुनुपर्नेछ ।

(१२) उपदफा (३) बमोजिमको अवधिभित्र इजाजतपत्रका लागि निवेदन नदिने र तोकिएको अवधिभित्र मापदण्ड पूरा नगर्ने स्वास्थ्य संस्थाको अनुमति स्वतः खारेज हुनेछ ।

(१३) स्वास्थ्य संस्था सञ्चालन अनुमति र इजाजतपत्र सम्बन्धी अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ ।

२०. **सिफारिस लिनु पर्ने** : (१) गाउँपालिका क्षेत्रभित्र प्रादेशिक वा संघीय तहमा इजाजतपत्र लिई/दर्ता भई सञ्चालन हुने गैरसरकारी वा निजी स्वास्थ्य संस्थाले स्थापना तथा सञ्चालन र नवीकरणको लागि गाउँपालिकाबाट पूर्वअनुमति वा दर्ता र नवीकरण सिफारिस लिनुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम अनुमति वा दर्ता सिफारिस लिने निजी तथा गैरसरकारी स्वास्थ्य संस्थाले प्रचलित मापदण्ड बमोजिम आफ्नो स्वास्थ्य संस्थामा कूल शैय्याको दश प्रतिशत शैय्याको संख्यामा अनिवार्य रूपमा विपन्न, असहाय र वेवारिसे लगायत लक्षित वर्गको निःशुल्क उपचार गर्नुपर्नेछ ।

(३) गाउँपालिका क्षेत्रभित्र स्थापना र सञ्चालन भएका स्वास्थ्य शिक्षासँग सम्बन्धित शिक्षणसंस्थाले संस्था दर्ता नवीकरण पूर्व गाउँपालिकाबाट सिफारिस लिनुपर्नेछ ।

२१. **निःशुल्क उपचार सेवा उपलब्ध गराउनुपर्ने** : (१) सिलीचोङ गाउँपालिका क्षेत्रभित्र स्थापना र सञ्चालन भएका अस्पताल तथा स्वास्थ्य संस्थाहरूले प्रचलित मापदण्डबमोजिम कुल शैय्याको १० प्रतिशतमा नेपालको जुनसुकै स्थानका विपन्न, असहाय, वेवारिसे लगायतका लक्षित वर्गका व्यक्तिलाई अनिवार्य रूपमा निःशुल्क उपचार सेवा उपलब्ध गराउनुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम निःशुल्क उपचार सेवा उपलब्ध गराउने अस्पताल तथा स्वास्थ्य संस्थाहरूको व्यवस्थापनको लागि गाउँपालिकाले छुट्टै कार्यविधि जारी गरी व्यवस्थित गर्न सक्नेछ ।

(३) उपदफा (१) बमोजिमका अस्पताल तथा स्वास्थ्य संस्थाहरूले दश प्रतिशत संख्यामा विपन्न, असहाय र वेवारिसे लगायतका लक्षित वर्गलाई निःशुल्क उपचार गरे नगरेको सम्बन्धमा गाउँपालिकाले अनुगमन गर्नेछ ।

परिच्छेद-५

आकस्मिक स्वास्थ्य सेवा र जनस्वास्थ्य आपतकाल

२२. **आकस्मिक सेवाबाट बन्देज नगरिने** ; (१) गाउँपालिका क्षेत्रमा सञ्चालित कुनै पनि स्वास्थ्य संस्थामा कुनै पनि व्यक्तिलाई आकस्मिक स्वास्थ्य सेवा प्राप्त गर्न बन्देज गरिने छैन ।

(२) बिरामीको जीवन रक्षा गरी स्थिर अवस्थामा ल्याउनेसम्म आकस्मिक उपचार गर्नु प्रत्येक स्वास्थ्य संस्था एवम् स्वास्थ्यकर्मीको दायित्व र कर्तव्य हुनेछ ।

(३) आकस्मिक स्वास्थ्य सेवासम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

२३. **आपत्कालीन स्वास्थ्य सेवा** ; (१) गाउँपालिकाले सम्भावित महामारी लगायतका जनस्वास्थ्य विपद्को पूर्वतयारी, जाँचपड्ताल, व्यवस्थापन र जोखिम न्यूनीकरणको लागि उपयुक्त संयन्त्र सहितको प्रबन्ध गर्नेछ ।

(२) गाउँपालिकाले आपत्कालीन स्वास्थ्य सेवा योजना, स्वास्थ्य क्षेत्र विपद् तथा प्रतिकार्य योजना तयार गरी लागु गर्नेछ ।

(३) आपत्कालीन अवस्थामा तत्कालै स्वास्थ्य सेवा पुर्याउन द्रुत प्रतिकार्य टोली तथा आपत्कालीन चिकित्सकीय समूह परिचालन गर्न सक्नेछ ।

(४) उपदफा (३) बमोजिम द्रुत प्रतिकार्य टोली तथा आपत्कालीन चिकित्सकीय समूहको गठन, परिचालन तथा स्रोत व्यवस्थापन सम्बन्धी व्यवस्था गाउँपालिकाले निर्धारण गरे बमोजिम हुनेछ ।

२४. **आकस्मिक स्वास्थ्य सेवा कोष** : (१) महामारी, विपद् र आकस्मिक अवस्थामा नागरिकलाई स्वास्थ्य उपचार उपलब्ध गराउन तथा विपन्न, असहाय व्यक्तिको उपचार सहायता उपलब्ध गराउन गाउँपालिकाले आकस्मिक स्वास्थ्य सेवा कोष स्थापना गर्नेछ ।

(२) गाउँपालिकाले आकस्मिक सेवा उपलब्ध गरे बापत आर्थिक ऐनमा तोकिए बमोजिम शुल्क लिन पाउने गरी अस्पताल सेवा शुल्क निर्धारण गर्न सक्नेछ ।

(३) आकस्मिक स्वास्थ्य सेवा कोषको व्यवस्थापन गर्न कार्यपालिकाले छुट्टै कार्यविधि बनाउनेछ ।

२५. **संक्रामक रोगको व्यवस्थापन** ; (१) संक्रामक रोगबाट प्रभावित भएको आशंका भएमा सम्बन्धित व्यक्ति वा निजको नजिकको आफन्तले स्थानीय स्वास्थ्य संस्था वा स्वास्थ्यकर्मीलाई सोको जानकारी दिनुपर्नेछ ।

(२) कुनै व्यक्ति संक्रामक रोगबाट प्रभावित भई उपचार गर्न आएमा अविलम्ब सोको जानकारी शाखा र सम्बन्धित प्रादेशिक तथा संघीय निकायलाई दिनु सम्बन्धित चिकित्सक वा स्वास्थ्यकर्मी वा स्वास्थ्य संस्थाको दायित्व र जिम्मेवारी हुनेछ ।

(३) गाउँपालिकाले रोगको प्रभाव क्षेत्र निक्यौंल गरी रोगको रोकथाम र न्यूनीकरणका लागि आवश्यक सतर्कता अपनाउन, जनशक्ति परिचालन गर्न र थप क्षति हुन नदिन स्थानीय स्रोत साधन परिचालन गर्न र सार्वजनिक सूचना प्रकाशित गरी आवश्यक आदेश जारी गर्न सक्नेछ ।

(४) रोगको रोकथाम र नियन्त्रणका लागि गाउँपालिकाले अवलम्बन गरेका योजना कार्यान्वयन गर्नु र आदेशहरूको पालना गर्नु सबैको कर्तव्य हुनेछ ।

(५) उपदफा (३) बमोजिम रोग रोकथाम र नियन्त्रण गर्न सहयोगको लागि गाउँपालिकाले अन्य स्थानीय तह, प्रदेश सरकार र नेपाल सरकारसँग अनुरोध र समन्वय गर्नेछ ।

(६) संक्रमित व्यक्तिहरूको व्यक्तिगत जानकारी र सेवा अभिलेखको गोपनीयता सुनिश्चित गर्नु सेवा प्रदायक र स्वास्थ्य संस्थाको प्रमुख दायित्व हुनेछ ।

२६. **जनस्वास्थ्य आपत्काल** : (१) महामारी वा जनस्वास्थ्यमा अन्य कुनै गम्भीर खतरा देखिएमा गाउँपालिका प्रमुखले प्रदेश तथा संघीय सरकारसँग समन्वय गरी आफ्नो क्षेत्रभित्र जनस्वास्थ्य आपत्काल घोषणा गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम आपत्कालीन स्वास्थ्य अवस्था घोषणा गर्दा विस्तृत प्राविधिक जानकारी, कति समयका लागि हो सो र कुन-कुन क्षेत्रमा सो लागु हुने हो सो समेत स्पष्ट उल्लेख गर्नुपर्नेछ ।

(३) आपत्कालीन स्वास्थ्य अवस्था घोषणासम्बन्धी जानकारी सम्बन्धित सबैका लागि सार्वजनिक माध्यमबाट प्रचारप्रसार गर्नुपर्नेछ ।

(४) जनस्वास्थ्य आपत्कालको क्रममा रोगको रोकथाम र जनस्वास्थ्यमा परेको खतरा नियन्त्रणका लागि जारी गरेका जनस्वास्थ्यसम्बन्धी आदेशहरूको पालना गर्नु सबैको कर्तव्य हुनेछ ।

(५) जनस्वास्थ्य आपत्काल घोषणा भएको अवस्थामा गाउँपालिकाले जुनसुकै बखत निजी, गैरसरकारी, सहकारी, गैर नाफामूलक, सामुदायिक वा अन्य स्वास्थ्य संस्थालाई आवश्यक निर्देशन दिन, स्वास्थ्य संस्था सञ्चालन गर्न, त्यस्तो स्वास्थ्य संस्थाबाट सम्बन्धित स्वास्थ्य सेवा उपलब्ध गर्न लगाउन, साधन स्रोत परिचालन गर्न र स्वास्थ्य संस्थामा कार्यरत स्वास्थ्यकर्मीलाई परिचालन गर्न वा गराउन सक्नेछ ।

(६) गाउँपालिकाले महामारी र आपत्कालीन अवस्थामा थप क्षति हुन नदिन स्थानीय संयन्त्र परिचालन गर्न र थप सहयोगको लागि विभिन्न संघसंस्था अन्य स्थानीय सरकार, प्रदेश र संघीय सरकारसँग अनुरोध गर्न सक्नेछ ।

(७) आपत्कालीन स्वास्थ्य अवस्थाको समयावधि, क्षेत्र लगायत अन्य पक्षहरूमा उपलब्ध तथ्यांक तथा सूचनाका आधारमा थपघट वा हटाउन समेत सकिनेछ ।

(८) जनस्वास्थ्य आपत्कालसम्बन्धी अन्य व्यवस्था प्रचलित कानून बमोजिम हुनेछ ।

२७. **एम्बुलेन्स तथा शव वाहन सेवा** ; (१) गाउँपालिकाले आफ्नै स्रोत र अन्य संस्थासँगको सहकार्यमा प्रचलित मापदण्ड बमोजिम एम्बुलेन्स तथा शववाहन सेवा सञ्चालन गर्नेछ ।

(२) गाउँपालिका क्षेत्रभित्र सञ्चालन हुने एम्बुलेन्स तथा शव वाहन सञ्चालन गर्ने संघ संस्थाले सञ्चालन अनुमतिका लागि गाउँपालिकाको सिफारिस लिनुपर्नेछ ।

(३) उपदफा (२) बमोजिम सञ्चालन अनुमति पाएका एम्बुलेन्स तथा शव वाहनले वार्षिक रूपमा गाउँपालिकामा दर्ता तथा नवीकरण गराउनुपर्नेछ ।

(४) गाउँपालिकाले अन्य स्थानीय सरकार र संस्थासँगको सहकार्यमा एम्बुलेन्स सञ्जाल निर्माण गर्न सक्नेछ ।

(५) एम्बुलेन्स तथा शव वाहन सञ्चालन सम्बन्धमा कार्यपालिकाले छुट्टै कार्यविधि वनाई लागु गर्न सक्नेछ ।

परिच्छेद-६

जनस्वास्थ्य प्रवर्द्धन तथा वातावरणीय स्वास्थ्य

२८. **वातावरणीय स्वास्थ्य** ; (१) गाउँपालिका क्षेत्रभित्र जल, जमिन, वायु र ध्वनि प्रदुषणको रोकथाम गर्नु गाउँपालिका क्षेत्रका सबै बासिन्दा तथा संस्था र निकायको जिम्मेवारी हुनेछ ।

(२) जनस्वास्थ्यमा प्रतिकूल असर पार्ने किसिमले जल, जमिन, वायु र ध्वनि प्रदुषण गरेको पाइएमा गाउँपालिकाले प्रचलित कानूनबमोजिम कारबाही गर्नेछ ।

२९. **खाद्य तथा पानीको गुणस्तर** : (१) कार्यपालिकाले प्रचलित संघीय र प्रादेशिक मापदण्डको आधारमा गाउँपालिका क्षेत्रभित्र विक्री तथा वितरण हुने खानेपानी, मासु तथा खाद्यन्न लगायतका उपभोग्य वस्तुको गुणस्तर मापदण्डका साथै त्यसका बिक्रेता वा आपूर्तिकर्ताको मापदण्ड बनाई लागु गर्नेछ ।

(२) कार्यपालिकाले संघीय तथा प्रादेशिक तहबाट स्थापित खानेपानी तथा खाद्य सामग्री गुणस्तर मापदण्डको आधारमा स्थानीय मापदण्ड बनाई खानेपानी तथा खाद्य सामग्रीका बिक्रेता तथा आपूर्तिकर्तालाई सञ्चालन अनुमति दिनेछ ।

(३) गाउँपालिकाले नियमित रूपमा मापदण्ड पालना भए-नभएको सन्दर्भमा जनस्वास्थ्य निरीक्षक खटाई अनुगमन तथा निरीक्षण गर्नेछ ।

(४) गाउँपालिकाले गाउँपालिका क्षेत्रभित्रका खानेपानीका स्रोतको उचित संरक्षण गर्नेछ ।

(५) गाउँपालिकाले खाद्य सामग्रीको उत्पादन तथा वितरणमा किटनाशक औषधि वा मानव स्वास्थ्यको प्रतिकूल हुने रसायनको प्रयोगको अनुगमन तथा नियन्त्रण गर्नेछ ।

(६) खाद्यन्न, मासु र पानी लगायतका उपभोग्य वस्तु उत्पादन, भण्डारण, ओसारपसार तथा बिक्री वितरणका क्रममा प्रचलित कानूनबमोजिमको न्यूनतम् मापदण्ड अनिवार्य पालना गर्नु पर्नेछ ।

३०. **अखाद्य पदार्थ, मदिरा तथा सुर्तीजन्य पदार्थको नियमनः** (१) सुर्ती तथा मदिराजन्य पदार्थ बिक्री वितरणका लागि गाउँपालिकाबाट छुट्टै इजाजतपत्र लिनु पर्नेछ ।

(२) सुर्ती तथा मदिराजन्य पदार्थ उपभोग र विक्री वितरणमा न्यूनीकरण तथा नियन्त्रण गर्न गाउँपालिकाले निषेधित र विक्री वितरणका लागि खुल्ला क्षेत्र र समय तोक्न सक्नेछ ।

(३) गाउँपालिका भित्र मदिरा, चुरोट, सुर्ती लगायत मानव स्वास्थ्यलाई गम्भीर असर गर्ने सामग्रीको विज्ञापन प्रचार-प्रसार, प्रदर्शन तथा सूचना प्रायोजन गर्न पाइनेछैन ।

(४) कसैले पनि अठार वर्ष मुनिका बालबालिकालाई सुर्तीजन्य वा मदिराजन्य पदार्थ विक्री वितरण गर्न, गर्न लगाउन वा उपहार लिनदिन पाइने छैन ।

(५) मानसिक तथा शारीरिक स्वास्थ्यलाई असर गर्ने कुनै सामग्री तथा सेवातर्फ आकर्षित गर्ने गरी गलत वा भ्रामक सूचना राखी विज्ञापनको उत्पादन, वितरण तथा प्रचारप्रसार गर्न पाइने छैन ।

(६) विद्यालय, स्वास्थ्य संस्था लगायत गाउँपालिकाले सूचना प्रकाशित गरेर चारकिल्ला तोकेका स्थान र सो वरपर जंक फुड, मदिरा तथा सुर्तिजन्य पदार्थको विक्री वितरण, प्रचार र उपभोग निषेधित गर्न सक्नेछ ।

(७) उपदफा (६) बमोजिमका निषेधित क्षेत्रमा जंक फुड, मदिरा तथा सुर्तीजन्य पदार्थको विक्री, वितरण, प्रचारप्रसार गरेको पाइएमा सम्बन्धित विद्यालय तथा त्यस्तो जंक फुडको विक्री, वितरण वा प्रचारप्रसार गर्ने व्यक्ति वा संस्था वा दुवैलाई प्रचलित कानूनबमोजिम कारबाही हुनेछ ।

स्पष्टिकरण : 'जंक फुड' भन्नाले अप्राकृतिक रूपमा प्रशोधित गरी तयार गरिएका खाद्य सामग्री सम्झनुपर्छ ।

३१. **<u>जनस्वास्थ्य मैत्री भवन निर्माण तथा पूर्वाधार</u>** : (१) गाउँपालिका क्षेत्रभित्र सार्वजनिक भवन तथा सार्वजनिक प्रयोगमा आउने निजी भवन तथा पूर्वाधारहरू निर्माण गर्दा जनस्वास्थ्यमैत्री हुनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको भवन तथा पूर्वाधार निर्माणको लागि स्वास्थ्य आचारसंहिता तथा मापदण्डको पालना गर्नु पर्नेछ ।

(३) सडक पूर्वाधार निर्माण गर्दा सडक दुर्घटना कम हुने गरी र स्वास्थ्य प्रवर्द्धनलाई ध्यानमा राखेर निर्माण गर्नु पर्नेछ। नयाँ बन्ने सडक र पुराना सडकहरूको स्तरोन्नति गर्दा आवश्यकता अनुसार फुटपाथ र साइकल लेनको उचित प्रबन्ध मिलाउनु पर्नेछ ।

(४) गाउँपालिकाले कुनै पनि भौतिक निर्माणको कार्य गर्दा वा निर्माण अनुमति दिनुअघि त्यस्तो निर्माणको क्रममा जनस्वास्थ्यमा पर्नसक्ने प्रभावको मूल्यांकन गर्नसक्नेछ । यस्तो मूल्याङ्कनबाट जनस्वास्थ्यमा प्रतिकूल प्रभाव पर्नसक्ने देखिएमा त्यस्तो प्रभाव न्यूनीकरण गर्ने विधिबाट निर्माण गर्नुपर्नेछ ।

(५) गाउँपालिकाले योजना बनाई गाउँपालिका क्षेत्रभित्र स्वास्थ्यका दृष्टिकोणले पर्याप्त खेलस्थल, मनोरञ्जन स्थल, पैदल हिड्ने मार्ग, साइकल लेनको व्यवस्था, सार्वजनिक खुल्ला स्थान तथा पार्कको निर्माण र संरक्षण गर्नेछ ।

परिच्छेद-७

प्रेषण, अभिलेखन र स्वास्थ्य सूचना प्रणाली

३२. **प्रेषण तथा उपचार प्रणाली** : (१) स्वास्थ्य सेवा प्राप्त गर्नको लागि सेवाग्राही आफ्नो अनुकूल पायक पर्ने स्वास्थ्य संस्थामा उपस्थित हुन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम उपचारको लागि आएको बिरामीलाई आफ्नो स्वास्थ्य संस्थामा उपलब्ध सेवा प्रदान गरी थप उपचार प्रदान गर्न नसकिने अवस्था भएमा त्यस्तो स्वास्थ्य संस्थाले तुरुन्त बिरामीलाई उपचार प्रदान गर्नसक्ने स्वास्थ्य संस्थामा समन्वय गरी प्रेषण गर्नु पर्नेछ ।

(३) स्वास्थ्य संस्थाले प्रेषण गरिने संस्थाको पूर्व पहिचान गरि सोको अद्यावधिक सूची राख्नुपर्नेछ र प्रेषण गर्दा तत्काल सेवाको सुनिश्चिता गरी मात्र पठाउनु पर्नेछ ।

(४) उपदफा (२) बमोजिम बिरामीलाई अन्य स्वास्थ्य संस्थामा प्रेषण गर्दा पृष्ठपोषण उल्लेख गरी निर्दिष्ट प्रेषण पूर्जा सहित प्रेषण गरी विवरण अद्यावधिक गरी राख्नु पर्नेछ ।

(५) यस दफाबमोजिम प्रेषण गर्दा स्वास्थ्य संस्थाले आफुले उपलब्ध गराएको उपचार पद्धति समेत सर्वसाधारणले बुझिने गरी प्रेषण पुर्जामा उल्लेख गर्नुपर्नेछ ।

(६) प्रेषण तथा उपचार प्रणाली सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

३३. **स्वास्थ्य संस्था सूचना प्रणाली** ; (१) स्वास्थ्य संस्थाबाट प्रदान गरिएका सेवासम्बन्धी सम्पूर्ण तथ्याङ्कहरू नियमानुसार अभिलेखन गरी र तोकिएको समयभित्र स्वास्थ्य व्यवस्थापन सूचना प्रणालीमा अनिवार्य रूपले प्रविष्ट गर्नुपर्नेछ ।

(२) बिरामीले स्वास्थ्य संस्थाबाट सेवा प्राप्त गर्न लाग्ने शुल्क, प्रक्रिया तथा अवधि समेत खुलाएको नागरिक वडापत्र स्वास्थ्य संस्थाको अग्रभागमा देखिने गरी राख्नु पर्नेछ र सोही अनुरूप सेवाहरू सुनिश्चितता गर्नुपर्नेछ ।

(३) स्वास्थ्य संस्थामा आउने बिरामीलाई आवश्यक पर्ने जानकारी गराउन सोधपुछ वा सहायता कक्षको व्यवस्था गरी सेवाग्राहीलाई आवश्यक जानकारी दिने व्यवस्था गरेको हुनुपर्नेछ ।

(४) स्वास्थ्य संस्थाभित्र प्रभावकारी सूचना सम्प्रेषणका लागि आन्तरिक टेलिफोन कलको व्यवस्था साथै आवश्यक आधुनिक संयन्त्रको समुचित व्यवस्था गर्नुपर्नेछ ।

(५) प्रहरी, दमकल, एम्बुलेन्स जस्ता आकस्मिक सेवाका टेलिफोन नम्बरहरू स्पष्ट देखिने गरी राख्नुपर्नेछ ।

३४. **तथ्याङ्क सङ्कलन** : (१) गाउँपालिकाले गाउँपालिका क्षेत्रभित्र घरपरिवार तहसम्मको स्वास्थ्यसम्बन्धी विस्तृत तथ्याङ्क र अभिलेख सङ्कलन गरी नियमित रूपमा अद्यावधिक गर्ने पद्धति विकास गर्नेछ र सोअनुरूप अनलाइनमार्फत स्वास्थ्य सेवा प्रदान गर्नेछ ।

(२) प्रत्येक स्वास्थ्य संस्थाले आफ्नो स्वास्थ्य संस्थामा जन्मेको शिशुको अभिलेख अनिवार्य रूपमा राख्नुपर्नेछ ।

(३) शाखाले स्वास्थ्यसम्बन्धी सूचकांकहरू नियमित रूपले अद्यावधिक गरी सार्वजनिक गर्नेछ ।

३५. **सर्वेक्षण गर्न सक्ने** ; गाउँपालिकाले आफ्नो क्षेत्रभित्रको स्वास्थ्य अवस्था र प्रणालीको वस्तुस्थिति बुझ्न र सो अनुरूपको योजना तर्जुमा गर्न आवधिक रूपमा स्वास्थ्य सर्वेक्षण तथा अध्ययन गर्न सक्नेछ ।

३६. **जानकारी पाउने हक** : बिरामीलाई आफ्नो उपचारसम्बन्धी सम्पुर्ण जानकारी पाउने हक हुनेछ । निज तत्काल जानकारी लिन नसक्ने अवस्थाको भएमा निजको परिवारको सदस्य वा संरक्षकलाई जानकारी दिनुपर्नेछ ।

३७. **गोपनीयताको हक** : स्वास्थ्य अवस्थासँग सम्बन्धित व्यक्तिगत सूचना, कागजात तथा अभिलेखको गोपनीयताको सुनिश्चित गर्नु सम्बन्धित स्वास्थ्य संस्था तथा जिम्मेवार प्राप्त स्वास्थ्यकर्मीको दायित्व हुनेछ ।

३८. **सबैको दायित्व हुने** : स्वास्थ्य सेवा तथा सुविधाको पहुँच वृद्धि गर्न गाउँपालिकाबाट जारी भएको जनस्वास्थ्यसम्बन्धी कानूनी व्यवस्थाको परिपालना गर्नु गराउनु सबै व्यक्तिको दायित्व हुनेछ ।

३९. **स्वास्थ्य सेवा सम्बद्ध तालिम कार्यक्रम सञ्चालन** : (१) गाउँपालिकाले स्वास्थ्य सम्बद्ध विभिन्न विषयमा आधारित तालिम कार्यक्रमहरू सञ्चालन गर्नेछ ।

(२) उपदफा (१) बमोजिम सञ्चालन हुने तालिममा सहभागीहरूको लागि प्रमाण पत्र जारी गरिनेछ ।

परिच्छेद-८

स्वास्थ्यकर्मी तथा स्वास्थ्य स्वयंसेवा सम्बन्धी व्यवस्था

४०. **स्वास्थ्यकर्मीको व्यवस्थापन** : (१) गाउँपालिका भित्रका सामुदायिक स्वास्थ्य संस्थाहरु मार्फत आधारभूत स्वास्थ्य सेवा प्रवाहका देहाय अनुसारका स्वास्थ्यकर्मीहरु रहने छन्;-

(क) स्थायी,

(ख) करार,

(ग) स्वयम सेवक,

(घ) अभ्यासकर्ता,

(ङ) स्वास्थ्य अभियानकर्ता वा स्वास्थ्य स्वयंसेविका ।

स्पष्टिकरण : यस दफाको प्रयोजनका लागि;-

(क) "स्थायीः भन्नाले नेपाल सरकारको स्वास्थ्य सेवाबाट समायोजन भई आएका स्थायी स्वास्थ्यकर्मीहरु तथा गाउँपालिकाको माग बमोजिम लोकसेवा आयोगबाट सिफारिस भई स्थायी नियुक्ति भएका स्वास्थ्यकर्मीहरु सम्झनु पर्दछ,

(ख) "करार" भन्नाले स्थानीय माग र विशिष्टताका आधारमा गाउँपालिकाले स्वीकृत दरवन्दीमा करार सेवामा भर्ना गरिएका स्वास्थ्यकर्मीहरु सम्झनु पर्दछ, र सो शब्दले संघ तथा प्रदेश सरकारले शर्त तोकी गाउँपालिका क्षेत्रमा रही कार्य गर्न तोकेको वा नियुक्त जनशक्तिलाई समेत जनाउँछ,

(ग) "स्वयम् सेवक" भन्नाले स्वदेशि, विदेशि, योजना आयोग र संघ संस्थाबाट नियुक्ति भई गाउँपालिका क्षेत्रभित्र कार्यक्षेत्र तोकिएका स्वास्थ्यकर्मीहरू सम्झनु पर्दछ,

(घ) "अभ्यासकर्ता" स्थानीय स्तरमा खुलेका स्वास्थ्य अध्ययन संस्थानमा अध्ययनरत विद्यार्थीहरु एवं गाउँपालिकाको आंशिक वा पूर्ण छात्रवृत्तिमा अन्यत्र गई स्वास्थ्य शिक्षा अध्ययन गरेका स्वास्थ्य क्षेत्रका विद्यार्थीहरुलाई सम्झनु पर्दछ ।

(ङ) "स्वास्थ्य अभियानकर्ता वा स्वास्थ्य स्वयंसेविका" भन्नाले स्वास्थ्य सेवालाई घरघरको पहुँचमा पुर्याउन र सवास्थ्य जनचेतना फैलाउन गाउँपालिकाले स्वास्थ्य अभियानकर्ता वा महिला स्वास्थ्य स्वयंसेविकाको रूपमा नियुक्त गरेको स्वास्थ्य कार्यकर्तालाई सम्झनु पर्दछ।

(२) उपदफा (१) को खण्ड (घ) बमोजिमको अभ्यासकर्ता भर्ना गर्दा बढीमा एक वर्षको लागि मात्र भर्ना वा नियुक्ति गर्न सकिनेछ ।

(३) उपदफा (१) को खण्ड (ङ) बमोजिमको महिला सवास्थ्य स्वयंसेविका नियुक्तिका लागि २१ वर्ष पुरा भई ४० वर्ष ननाघेको, शैक्षिक योग्यता न्युनतम् १० कक्षा अध्ययन गरेको सम्बन्धित वडाको विवाहित नागरिक हुनुपर्नेछ ।

(४) प्रत्येक स्वयंसेविका वा अभियानकर्ताहरुले आधारभूत स्वास्थ्य सम्वन्धी १० दिनको तालिम प्राप्त गरेको हुनुपर्नेछ ।

(५) उपदफा (४) बमोजिमको तालिम गाउँपालिका वा स्वास्थ्य संस्थाहरुले आवश्यकता अनुसार सञ्चालन गर्नु गराउनु पर्नेछ ।

(६) यो ऐन प्रारम्भ हुनु भन्दा पहिले देखि नै कार्यरत महिला स्वास्थ्य स्वयंसेवीकाहरु मध्ये ६० वर्ष उमेर पुगेकालाई प्रोत्साहन भत्ताको व्यबस्था गरि सेवाबाट अवकास दिइनेछ ।

(७) उपदफा (१) को खण्ड (ख), (ग), (घ) र (ङ) बमोजिम भर्ना वा नियुक्त गरिएको स्वास्थ्यकर्मीहरूको सेवा सुविधा सम्बन्धी व्यवस्था कार्यपालिकाले तोकिदिए बमोजिम हुनेछ ।

४१. **स्वास्थ्यकर्मीको सेवा सुविधा:** (१) स्थायी सेवामा नियुक्ति भएका स्वास्थ्यकर्मीलाई नेपाल सरकारले तोके बमोजिमको तलब स्केल तथा गाउँपालिका वा कार्यपालिकाले तोके बमोजिमको अन्य सेवा सुविधा उपलब्ध गराइनेछ ।

(२) करार सेवामा नियुक्ति भएका स्वास्थ्यकर्मीलाई नेपाल सरकारले तोके बमोजिमको प्रचलित तलब स्केल वा गाउँपालिका र सेवा प्रदायकबीचको समझदारीमा भएको करार सम्झौता बमोजिमको सेवा सुविधा उपलब्ध गराउन सकिनेछ ।

(३) यस परिच्छेदमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि अभ्यासकर्ता स्वास्थ्यकर्मीलाई निर्वाह भत्ताको रुपमा सम्बन्धित तहका स्वास्थ्यकर्मीले पाउने मासिक तलव स्केलको दुई तिहाई रकमसम्म उपलब्ध गराउन सकिनेछ ।

(४) अभियानकर्ता वा स्वास्थ्य स्वयंसेविकालाई पोशाक, वार्षिक रुपमा सञ्चार खर्च, स्वास्थ्य संस्थालाई आवश्यकता परेको बखत काजमा खटाइएमा सो दिनको पारिश्रमिक, स्वास्थ्य सेवा सम्बन्धी अभियानमा खटाईएको समयमा दिइने पारिश्रमिक जस्ता सुविधाहरु विनियोजन ऐनमा व्यवस्था भए बमोजिम उपलब्ध गराउन सकिनेछ ।

४२. **स्वास्थ्यकर्मीको दरवन्दी निर्धारण र नियुक्ति** (१) सामुदायिक वा सरकारी स्वामित्वका स्वास्थ्य संस्थाहरुमा आवश्यक स्वास्थ्यकर्मीको दरबन्दी कार्यपालिकाले संगठन व्यवस्थापन गर्ने गरी गाउँ सभाबाट स्वीकृत भए बमोजिम हुनेछ ।

(२) दरवन्दी अनुसारका पदहरुमा नेपाल सरकारबाट समायोजन भई आएका स्थायी स्वास्थ्यकर्मीहरु रहने छन् ।

(३) उपदफा (२) बमोजिम समायोजन भई आएका कर्मचारीहरूलाई कार्यपालिकाको निर्णय बमोजिम आवश्यकता अनुसार स्थायी स्वास्थ्य कर्मिहरुलाई कामकाजमा खटाउन सकिने छ ।

(४) स्वास्थ्य सेवा प्रवाह गर्न समायोजन भई आएका वा स्थायी सेवाका कर्मचारीले अपुग भएको अवस्थामा गाउँपालिकाले करारमा स्वास्थ्यकर्मी नियुक्ति गर्न सक्नेछ ।

परिच्छेद-९

औषधि तथा स्वास्थ्य उपकरणको खरिद तथा भण्डारण, वितरण, नियमन

४३. **औषधि खरिद, भण्डारण र वितरण सम्बन्धि व्यवस्थाः** (१) गाउँपालिकाले निःशुल्क वितरण गर्ने वा फार्मेसी मार्फत बिक्री गर्ने औषधिको सूची निर्धारण गरी औषधि तथा स्वास्थ्यजन्य उपकरणको खरिद भण्डारण र वितरणको लागि कार्यपालिकाले वार्षिक खरिद योजना बनाउने छ ।

(२) उपदफा (१) बमोजिमको औषधि खरिद गर्दा सार्वजनिक खरिद ऐन र औषधि सम्वन्धी प्रचलित ऐन कानून बमोजिम हुनेछ ।

(३) गाउँपालिका मातहतका स्वास्थ्य संस्थामा औषधि खरिद, आपूर्ति, भण्डारण तथा बिक्री गरिने औषधिको हकमा मूल्य निर्धारण तोकिए बमोजिम हुनेछ ।

४४. **निःशुल्क औषधिः** स्वास्थ्य शाखाले दफा ४३ बमोजिम खरिद गरिएको औषधि आफू मातहतका स्वास्थ्य संस्था मार्फत आवश्यकता अनुसार निःशुल्क वितरण गर्नेछ ।

४५. **नियमनः** गाउँपालिकाले प्रचलित कानूनको अधिनमा रही गाउँपालिका क्षेत्रभित्र औषधिको बिक्री, वितरण तथा प्रयोगको नियमन गर्नु पर्नेछ ।

परिच्छेद-१०

स्वास्थ्य संस्था सञ्चालन, व्यवस्थापन, गुणस्तर तथा अनुगमन सम्बन्धी व्यवस्था

४६. **स्वास्थ्य संस्था सञ्चालन** : (१) निःशुल्क आधारभूत स्वास्थ्य सेवा लगायतका स्वास्थ्य सेवा प्रदान गर्नको लागि गाउँपालिकाले देहाय बमोजिमका स्वास्थ्य संस्था स्थापना र सञ्चालन गर्न सक्नेछ;-

(क) आधारभूत अस्पताल,

(ख) प्राथमिक स्वास्थ्य केन्द्र,

(ग) स्वास्थ्य चौकी,

(घ) आधारभूत स्वास्थ्य सेवा केन्द्र,

(ङ) सामुदायिक स्वास्थ्य ईकाई,

(च) गाउँ फार्मेसी

(छ) प्रयोगशाला

(ज) रक्तसञ्चार केन्द्र

(झ) नागरिक आरोग्य केन्द्र

(ञ) पुनर्स्थापना तथा सुधार केन्द्र र

(ट) कार्यपालिकाले तोकेबमोजिमका अन्य स्वास्थ्य संस्था

(२) उपदफा (१) बमोजिम स्वास्थ्य संस्था स्थापना गर्दा गाउँपालिकाले जनसंख्या, भूगोल र सेवाको सहजताको अनुपातमा आवश्यकता अनुसार स्वास्थ्य संस्था स्थापना तथा सञ्चालन गर्न सक्नेछ ।

(३) गाउँपालिकाले हाल गाउँपालिका अन्तर्गत सञ्चालनमा रहेका स्वास्थ्य संस्थाको स्तरोन्नति गरी सञ्चालन गर्न सक्नेछ ।

(४) उपदफा (१) बमोजिमका स्वास्थ्य संस्था मार्फत प्रचलित मापदण्डको अधिनमा रही गाउँपालिकाले विशेषज्ञ सेवा प्रदान गर्न सक्नेछ ।

(५) गाउँपालिका क्षेत्रभित्र सञ्चालित सरकारी अस्पताल, स्वास्थ्य प्रवर्द्धन केन्द्रले अनिवार्य रूपमा आफ्नै फार्मेसी सञ्चालन गरी अत्यावश्यक निःशुल्क औषधी तथा सुपथ मूल्यमा अन्य आवश्यक औषधी उपलब्ध गराउनुपर्नेछ ।

(६) उपदफा (१) बमोजिमका प्रत्येक स्वास्थ्य संस्थाले प्रचलित मापदण्डको अधीनमा रही सेवा प्रदान गर्नुपर्नेछ ।

(७) गाउँपालिका अन्तर्गतका स्वास्थ्य संस्थाले प्रदान गर्ने सेवा र संरचना सम्बन्धी व्यवस्था प्रचलित न्यूनतम् मापदण्डको अधीनमा रही कार्यपालिकाले निर्धारण गर्नेछ ।

४७. **<u>गुणस्तर र पूर्वाधारको मापदण्ड पूरा गर्नुपर्ने</u>** : (१) यस ऐन बमोजिम स्थापना र सञ्चालन हुने सबै स्वास्थ्य संस्थाले यस ऐन बमोजिम तोकिएको गुणस्तर र पूर्वाधार मापदण्ड पूरा गर्नुपर्नेछ ।

(२) कार्यपालिकाले गाउँपालिका क्षेत्रभित्रका सबै स्वास्थ्य संस्थाको लागि नेपाल सरकारले बनाएको मापदण्ड बमोजिम सेवा गूणस्तर मापदण्ड र पूर्वाधार मापदण्ड निर्देशिका बनाई लागु गर्न सक्नेछ ।

(३) उपदफा (२) बमोजिम गाउँपालिकाले मापदण्ड नबनाउने बेलासम्म प्रचलित कानून बमोजिमको मापदण्ड अनुसार हुनेछ ।

(४) गाउँपालिकाले क्षेत्रभित्रका सबै स्वास्थ्य संस्थाले तोकिएको मापदण्ड अनुरूपको सेवा गुणस्तर पूरा गरेको हुनुपर्नेछ ।

४८. **<u>जनस्वास्थ्य समिति</u>**ः (१) गाउँपालिकाले जनस्वास्थ्यसँग सरोकार निकायका अधिकारीहरु तथा विज्ञहरुको संलग्नता हुने गरी देहाय बमोजिमको गाउँपालिका जनस्वास्थ्य समिति गठन गर्नेछ ।

(क) गाउँपालिकाको अध्यक्ष -अध्यक्ष

(ख) गाउँपालिकाको उपाध्यक्ष -सदस्य

(ग) प्रमुख प्रशासकीय अधिकृत -सदस्य

(घ) सम्बन्धित वडाको स्थानीय स्वास्थ्य व्यवस्थापन समिति प्रमुख -सदस्य

(ङ) सामाजिक विकास समिति संयोजक -सदस्य

(च) कानून शाखा प्रमुख वा कानून शाखा हेर्न तोकिएको कर्मचारी -सदस्य

(छ) स्थानीय अस्पताल/स्वास्थ्य संस्थामा कार्यरत चिकित्सक वा स्वास्थ्यकर्मी मध्ये एक जना महिला सहित गाउँपालिका अध्यक्षले तोकेको दुई जना - सदस्य

(ज) समितिले मनोनित गरेको स्वास्थ्य र शिक्षा क्षेत्रका विज्ञबाट एक जना महिला सहित दुई जना -सदस्य

(झ) स्वास्थ्य शाखा प्रमुख -सदस्य सचिव

(२) जनस्वास्थ्य समितिको काम, कर्तव्य र अधिकार प्रचलित कानूनमा व्यवस्था भएको अतिरिक्त देहाय बमोजिम हुनेछ;-

(क) स्थानीयस्तरमा स्वास्थ्य सुरक्षा, सम्बर्धन र सुधार सम्बन्धी नीति निर्धारण गर्ने,

(ख) स्वास्थ्य सेवाको क्षेत्रमा समानुपातिक वितरणको आधारमा प्राथमिकताका क्षेत्रहरु निर्धारण गर्ने,

(ग) राष्ट्रिय स्वास्थ्य योजना र नीतिको अनुसरण गर्ने गराउने,

(घ) जनस्वास्थ्य सम्बन्धि राष्ट्रिय रणनीति, ढाँचा वा नियमहरुलाई स्थानीय स्तरमा लागु गर्न सम्बन्धित क्षेत्र वा निकायलाई आवश्यक निर्देशन दिने तथा अनुगमन गर्ने,

(ङ) रोगहरुको रोकथाम, प्रबर्धनात्मक कार्य लगायत जनस्वास्थ्यको सुधार सम्बन्धी कुनै पनि विषयमा प्रदेश तथा संघीय सरकार सँग आवश्यक सहयोग तथा परामर्श लिने,

(च) स्वास्थ्य सम्बन्धी आवधिक तथा रणनीतिक योजना बनाउने,

(छ) स्वास्थ्यसँग सम्बन्धित कुनै विषयमा सुझाव प्रस्तुत गर्न समिति वा उप-समिति गठन गर्ने,

(ज) तोकिए बमोजिमको अन्य कार्य गर्ने ।

(२) समितिका सदस्यले समितिको बैठक बस्दा कार्यपालिकाका सदस्यले पाए सरहको बैठक भत्ता पाउनेछन ।

(३) समितिको बैठक सम्बन्धी कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

४९. **<u>अस्पताल व्यवस्थापन समिति</u>**ः (१) गाउँपालिकाले गाउँ तहमा स्वास्थ्य सेवा प्रवाह गर्नका लागि स्थापित अस्पतालको व्यवस्थापनका लागि देहाय बमोजिमको अस्पताल व्यवस्थापन समिति गठन गर्नेछ;-

(क) गाउँपालिकाको अध्यक्ष -अध्यक्ष

(ख) गाउँपालिकाको उपाध्यक्ष -सदस्य

(ग) प्रमुख प्रशासकीय अधिकृत -सदस्य

(घ) अस्पताल रहेको वडाको वडा अध्यक्ष -सदस्य

(ङ) सामाजिक विकास समिति संयोजक -सदस्य

(च) स्थानीय अस्पताल/स्वास्थ्य संस्थामा कार्यरत चिकित्सक वा स्वास्थ्यकर्मी मध्ये एक जना महिला सहित गाउँपालिका अध्यक्षले तोकेको दुई जना -सदस्य

(छ) समितिले मनोनित गरेको स्वास्थ्य र शिक्षा क्षेत्रका विज्ञबाट एक जना महिला सहित दुई जना -सदस्य

(ज) स्वास्थ्य शाखा प्रमुख -सदस्य

(झ) सम्बन्धित अस्पतालको प्रमुख -सदस्य सचिव

(२) अस्पताल व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार प्रचलित कानूनमा व्यवस्था भएको अतिरिक्त देहाय बमोजिम हुनेछ;-

(क) अस्पतालमा उपलब्ध हुने न्यूनतम् स्वास्थ्य सेवाको मापदण्ड कायम गर्ने तथा कार्यान्वयनमा नियमन गर्ने,

(ख) बाल स्वास्थ्य, मातृ स्वास्थ्य, खोप कार्यक्रम, पोषण, दूर स्वास्थ्य सेवा (telemedicine) आदि कार्यक्रमको प्रभावकारी कार्यान्वयनमा सहयोग गर्ने,

(ग) आपतकालीन, प्रसूति, ल्याब, फार्मेसी, जनस्वास्थ्य कार्यक्रमको नियमितता सुनिश्चित गर्ने,

(घ) बिरामीको गुनासो व्यवस्थापन प्रणाली (grievance handling) सञ्चालन गर्ने।

(ङ) क्षमता विकासका लागि तालिम, अभिमुखीकरण, पुनर्ताजगी कार्यक्रमको प्रस्ताव गर्ने।

(च) वार्षिक स्वास्थ्य बजेट, वार्षिक कार्ययोजना तयार गरी गाउँपालिकामा पेश गर्ने,

(छ) अस्पतालमा खर्च भएको रकमको लेखा परीक्षण सुनिश्चित गर्ने,

(ज) अस्पताल सुधार कार्यक्रम र कोष सञ्चालन व्यवस्थापन गर्ने,

(झ) आवश्यक उपकरण तथा सामग्री खरिदका लागि सिफारिस गर्ने,

(ञ) अस्पतालको सुरक्षा, सरसफाइ, वातावरणीय मापदण्ड पालनामा निगरानी गर्ने,

(ट) अस्पतालको सेवा शुल्क, समय तालिका, उपलब्ध सेवाको विवरण सार्वजनिक गर्ने,

(ठ) नागरिक सहभागिता, सामाजिक लेखापरीक्षण तथा सार्वजनिक सुनुवाई सञ्चालन गर्न सहयोग गर्ने,

(ड) अनुशासनहीनता वा सेवा लापरबाही देखिएमा मापदण्डअनुसार कारबाही सिफारिस गर्ने।

(ढ) वार्षिक योजना स्वीकृत गर्न सिफारिस गर्ने र कार्यक्रम खर्चको प्राथमिकता निर्धारण गर्ने।

(ण) सेवा सुधारका लागि बाह्य स्रोत, साझेदारी, दातृ निकायसँग समन्वय गर्ने।

(त) अस्पतालको सेवा प्रवाह, औषधि आपूर्ति, उपकरण सञ्चालन, मानव संसाधन हाजिरी निरीक्षण गर्ने।

(थ) तोकिएबमोजिमको अन्य कार्य गर्ने ।

(३) समितिका सदस्यले समितिको बैठक बस्दा कार्यपालिकाका सदस्यले पाए सरहको बैठक भत्ता पाउनेछन ।

(४) समितिको बैठक सम्बन्धी कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

५०. <u>**स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समिति**</u> : (१) गाउँपालिकाको स्वामित्वमा अस्पताल बाहेक सञ्चालन भएका स्वास्थ्य संस्थाको सञ्चालन तथा व्यवस्थापनको लागि देहाय बमोजिमको व्यवस्थापन समिति रहनेछ ।

(क) स्वास्थ्य संस्था रहेको वडाको वडा अध्यक्ष -अध्यक्ष

(ख) वडा समितिका माहिला सदस्यहरू मध्येबाट अध्यक्षले एक जना - उपाध्यक्ष

(ग) स्वास्थ्य संस्था रहेको वडाका शिक्षण संस्थाका प्रधानाध्यापक वा शिक्षक मध्येबाट अध्यक्षले तोकेको एक जना महिला - सदस्य

(घ) अध्यक्षले तोकेको स्थानीय व्यापार संघको प्रतिनिधि एक जना - सदस्य

(ङ) समितिले तोकेको स्वास्थ्य क्षेत्रको जानकार महिला स्वास्थ्य स्वयमसेविकाहरू मध्येबाट एक जना - सदस्य

(च) सम्बन्धित वडाको सचिव - सदस्य

(छ) सम्बन्धित स्वास्थ्य संस्थाको प्रमुख - सदस्य सचिव

स्पष्टीकरण : यस दफाको प्रयोजनका लागि “अध्यक्ष” भन्नाले समितिको अध्यक्षलाई सम्झनु पर्दछ ।

(२) समितिले दलित, अपाङ्गता भएका, किशोर किशोरी, महिला स्वास्थ्य स्वयंसेविका मध्येबाट एक-एक जना व्यक्ति र आवश्यकता अनुसार स्वास्थ्य क्षेत्रका विज्ञलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

(३) समितिका सदस्यको पदावधि पाँच बर्षको हुनेछ ।

तर, पदाधिकारीको पदावधि बाँकी रहँदै स्थानीय तहको निर्वाचन सम्पन्न भएमा पदावधि स्वतः समाप्त हुनेछ ।

(४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि प्रचलित कानून बमोजिम स्थानीय तहको आवधिक निर्वाचन सम्पन्न भई निर्वाचनबाट नयाँ वडा समितिको गठन भएसँगै यस दफा बमोजिमको व्यवस्थापन समिति समेत पुनर्गठन हुनेछ ।

(५) उपदफा (४) बमोजिमको व्यवस्थापन समिति गठन भएकोमा उक्त समितिले पहिलो बैठकबाट अन्य सदस्यहरूको मनोनयन गर्नेछ ।

(६) गाउँपालिका अध्यक्ष यस दफा बमोजिमको समितिको संरक्षकको रूपमा रहनेछ ।

५१. **<u>समितिको काम कर्तव्य र अधिकार</u>** : व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ;-

(क) स्वास्थ्य संस्थाबाट गुणस्तरीय, प्रभावकारी एवम् दीगो सेवा प्रवाहको लागि गाउँपालिकाले तर्जुमा गरेको नीति, योजना, कार्यक्रमको परिधिभित्र रही सेवा व्यवस्थापन र कार्यान्वयन गर्ने/गराउने,

(ख) सेवा क्षेत्रका जनताको स्वास्थ्य आवश्यकतालाई सम्बोधन गर्ने गरी स्वास्थ्य संस्थाबाट प्रदान गरिने सेवाको कार्यान्वयन गर्ने/गराउने,

(ग) स्वास्थ्य संस्थाबाट सञ्चालन हुने वार्षिक कार्यक्रमहरूको लक्ष्यअनुरूप कार्यान्वयन तथा उपलब्धिको समीक्षा गर्ने,

(घ) सेवा क्षेत्रभित्रका जनसांख्यिक अवस्थाको लेखाजोखा, स्वास्थ्य समस्या र आवश्यकताको विश्लेषण, जनस्वास्थ्यको समस्याको नक्साङ्कन गरी सोअनुरूप योजना तर्जुमाका लागि गाउँपालिकासँग समन्वय गर्ने,

(ङ) स्वास्थ्य संस्थाको सबलीकरण, स्वास्थ्य सेवा प्रवाह र जनस्वास्थ्य प्रवर्द्धनका कार्यक्रम सञ्चालनका लागि समुदाय र संघ-संस्थासँग साझेदारी र सहकार्य गर्ने,

(च) समुदायमा स्वास्थ्य संस्थाबाट प्रदान गरिने सेवा र कार्यक्रमबारे सु-सूचित गर्ने, समुदाय र घरदैलो कार्यक्रममा सहजीकरण गर्ने,

(छ) घरदैलो सेवा, सामुदायिक स्वास्थ्य, विद्यालय स्वास्थ्य, वातावरणीय स्वास्थ्य, सरसफाई लगायतका जनस्वास्थ्यका क्रियाकलापको प्रभावकारी व्यवस्थापन र सहजीकरण गर्ने,

(ज) नेपाल सरकारबाट निर्धारण गरेको आधारभूत स्वास्थ्य सेवा प्रवाह र सेवाको न्यूनतम् मापदण्ड कार्यान्वयनको सुनिश्चितता गराउने,

(झ) ज्येष्ठ नागरिक, विपन्न वर्ग, अपाङ्गता, बालबालिका, किशोर-किशोरी, महिला समूह समेतलाई मध्यनजर राखी सेवाको व्यवस्थापन र कार्यान्वयन गर्ने,

(ञ) स्वास्थ्य संस्थामा कार्यरत कर्मचारीहरूको कामको नियमित मूल्याङ्कन गर्ने र कार्य सन्तोषजनक नभएमा सचेत गराउने,

(ट) अघिल्लो बैठकले गरेका निर्णयहरूको कार्यन्वयनको स्थितिबारे पुनरावलोकन गरी जनस्वास्थ्यका कार्यक्रम तथा स्वास्थ्य सेवा सञ्चालन आदिमा आएका समस्या समाधान गर्न पहल गर्ने र समाधान हुन नसकेका समस्याहरू समाधानका लागि गाउँपालिका तथा सम्बन्धित निकायलाई पठाउने,

(ठ) नेपालको संविधान र स्थानीय सरकार सञ्चालन ऐन बमोजिम स्वास्थ्यसम्बन्धी स्थानीय तहको एकल तथा साझा अधिकारहरू कार्यन्वयनका लागि व्यवस्थापन, समन्वय र सहयोग गर्ने,

(ड) स्वास्थ्य संस्थामा भौतिक पूर्वाधार, जनशक्ति, औषधि, स्वास्थ्यकर्मी र स्वास्थ्य उपकरणहरूको नियमित उपलब्धता सुनिश्चित गर्न आवश्यक समन्वयात्मक कार्यहरू गर्ने,

(ढ) स्वास्थ्य सेवा प्रवाह गर्दा कुनै शुल्क लिनु पर्ने देखिएमा शाखासँग समन्वय गरी सोको निर्धारण गर्ने,

(ण) महामारी तथा प्राकृतिक प्रकोप जस्ता आकस्मिक स्वास्थ्य सेवाको लागि पूर्वतयारी तथा आवश्यक व्यवस्थापन गर्ने,

(त) गाउँपालिकाले तोकिदिए बमोजिम स्वास्थ्य शाखासँग समन्वय गरी स्वास्थ्य सेवा र अन्य कार्यक्रम कार्यान्वयन र व्यवस्थापन गर्ने ।

५२. **<u>पद रिक्त हुने</u>** : दफा ४८, ४९ र ५० बमोजिमको समितिका पदाधिकारीको पद देहायको अवस्थामा रिक्त हुनेछ;-

(क) मृत्यु भएमा,

(ख) राजीनामा दिएमा,

(ग) बिना सूचना लगातार तीनपटक समितिको बैठकमा अनुपस्थित भएमा,

(घ) प्रचलित कानून बमोजिम अयोग्य ठहरिएमा,

(ङ) स्वास्थ्य संस्थाको अहित हुने काम गरेको ठहर भएमा ।

(२) उपदफा (१) बमोजिम पदाधिकारिको पद रिक्त भएमा त्यस्तो पदाधिकारी जुन प्रक्रियाबाट निर्वाचित वा मनोनयन भएको हो सोही प्रक्रियाबाट पद पूर्ति गरिनेछ ।

५३. **<u>अनुगमन समिति</u>** (१) स्वास्थ्य संस्थाको अनुगमन, निरीक्षण र मूल्याङ्कन गरी आवश्यक कारबाही गर्न गाउँपालिकाले देहाय बमोजिमको एक अनुगमन समिति गठन गर्नेछ;-

(क) उपाध्यक्ष - संयोजक

(ख) स्वास्थ्य हेर्ने समितिको संयोजक वा निजले तोकेको एक जना सदस्य -सदस्य

(ग) अध्यक्षले तोकेको कार्यपालिका सदस्य एक जना -सदस्य

(घ) अध्यक्षले तोकेको चिकित्सक र नर्सिङ प्रतिनिधि एक/एक जना -सदस्य

(ङ) अध्यक्षले तोकेको सम्बन्धित विषयको विशेषज्ञ एक जना -सदस्य

(च) गाउँपालिका स्वास्थ्य शाखा प्रमुख - सदस्य सचिव

(२) अनुगमन समितिले दफा १९ बमोजिम गाउँपालिकाबाट इजाजतपत्र लिएका, गाउँपालिका क्षेत्रभित्र सञ्चालनमा रहेका र गाउँपालिकाले आफै सञ्चालन गरेका प्रत्येक अस्पताल तथा स्वास्थ्य संस्थाको अनुगमन, निरीक्षण तथा मूल्याङ्कन गर्नेछ ।

(३) उपदफा (१) बमोजिमको समितिमा सम्बन्धित क्षेत्रका विषय विज्ञ उपलब्ध हुन नसकेको अवस्थामा समितिले प्रादेशिक स्वास्थ्य कार्यालय, अस्पताल वा सम्बन्धित क्षेत्रमा कार्यरत व्यक्तिहरूलाई सदस्यका रूपमा आमन्त्रण गर्न सक्नेछ ।

(४) स्वास्थ्य संस्थाको इजाजत, नवीकरण र स्तरोन्नति प्रयोजनका लागि पूर्वाधार र सेवाको मापदण्ड पुगे नपुगेको तथा स्वास्थ्य संस्थाले मापदण्ड अनुसार काम गरे नगरेको सम्बन्धमा नियमित र आकस्मिक अनुगमन गर्न अनुगमन समिति अन्तर्गत स्वास्थ्य शाखा प्रमुखको संयोजकत्वमा एक प्राविधिक उपसमिति रहनेछ ।

(५) स्वास्थ्य संस्थाले गुणस्तर कायम गरे नगरेको सम्बन्धमा आवश्यक ठानेमा अनुगमन समितिले जुनसुकै बेला निरीक्षक खटाउन सक्नेछ ।

(६) अनुगमनका क्रममा स्वास्थ्य संस्थाले मापदण्ड पालना गरे नगरेको, प्रचलित कानूनबमोजिम प्रवाह गर्नुपर्ने स्वास्थ्य सेवा प्रवाह गरे नगरेको समेत सुपरीवेक्षण गरी मापदण्ड पालना नगरेको वा त्यस्तो सेवा प्रवाह गरेको नपाइएमा अनुगमन समितिले वस्तुस्थितिको मुचुल्का बनाई आवश्यकता अनुसार सम्बन्धित स्वास्थ्य संस्थामा सिलबन्दी गर्न सक्नेछ र कारबाहीका लागि सिफारिस गर्नेछ ।

(७) अनुगमन समिति र उपसमितिसम्बन्धी अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ ।

५४. **जनस्वास्थ्य निरीक्षक तोक्न सक्ने** : (१) जनस्वास्थ्यमा प्रतिकूल असर पार्ने गतिविधि र वस्तुबाट आम जनतालाई सुरक्षित राख्नको लागि त्यस्ता गतिविधि र वस्तुको अनुगमन, नियमन र नियन्त्रण गर्न गाउँपालिकाले स्वास्थ्यको कुनै कर्मचारीलाई जनस्वास्थ्य निरीक्षक तोक्न सक्नेछ ।

(२) निरीक्षणको क्रममा कुनै व्यक्ति वा संस्थाले यस ऐन र प्रचलित कानून विपरीत जनस्वास्थ्यमा प्रतिकूल असर पर्ने गतिविधि गरेको पाइएमा जनस्वास्थ्य निरीक्षकले वस्तुस्थितिको मुचुल्का बनाई र उक्त गतिविधि तत्कालको लागि बन्द गराई कारबाहीका लागि सिफारिस गर्न सक्नेछ ।

(३) जनस्वास्थ्य निरीक्षकको योग्यता तथा अन्य व्यवस्था प्रचलित कानून बमोजिम हुनेछ ।

५५. **स्वतः खारेज हुने:** दफा १९ बमोजिम इजाजतपत्र नलिई वा नवीकरण नगरी सञ्चालनमा रहेका र दफा ४७ बमोजिम तोकिएको मापदण्ड पूरा नगर्ने स्वास्थ्य संस्थाहरूको इजाजतपत्र स्वतः खारेज भएको मानिनेछ ।

परिच्छेद-११

कोष, कोषको सञ्चालन र लेखा परीक्षण सम्बन्धी व्यवस्था

५६. **समितिको कोष** ; (१) दफा ५० बमोजिमको स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समितिको नाममा एउटा छुट्टै कोष रहनेछ ।

(२) उपादफा (१) बमोजिमको कोषमा देहायको रकम रहनेछ;-

(क) गाउँपालिकाबाट प्राप्त रकम,

(ख) सम्बन्धित स्वास्थ्य संस्थाको आम्दानी रकम,

(ग) स्वदेशी व्यक्ति, दाता, गुठी वा संस्थाबाट प्राप्त रकम,

(घ) नेपाल सरकार तथा प्रदेश सरकारबाट प्राप्त रकम,

(ङ) व्यवस्थापन समितिको पहलबाट प्राप्त रकम,

(च) वैदेशिक संघ, संस्था वा व्यक्तिबाट प्राप्त अनुदान सहयोग रकम ।

(३) उपदफा (२) को खण्ड (च) बमोजिमको रकम प्राप्त गर्नु अगाडि प्रचलित कानून बमोजिम स्वीकृति लिनुपर्नेछ ।

(४) स्वास्थ्य संस्थालाई प्राप्त हुने सबै प्रकारका आम्दानी उपदफा (१) बमोजिमको कोष खातामा आम्दानी बाध्नुपर्नेछ ।

(५) सम्बन्धित स्वास्थ्य संस्थाको खर्च र त्यस्तो संस्थाको व्यवस्थापन समितिको तर्फबाट गरिने सम्पूर्ण खर्च उपदफा (१) बमोजिमको कोषबाट व्यहोरिनेछ ।

(६) यस दफा बमोजिमको कोषको रकम बैंकमा खाताखोली जम्मा गर्नु पर्नेछ ।

५७. **कोष तथा लेखा सञ्चालन** ; (१) स्वास्थ्य संस्थाको व्यवस्थापन समितिको आय व्यय दुरुस्त राख्ने जिम्मा सम्बन्धित स्वास्थ्य संस्था प्रमुखको हुनेछ ।

(२) कोषको खाता सञ्चालन व्यवस्थापन समितिको सिफारिसमा गाउँपालिकाले तोकीदिए बमोजिम सरकारी कारोवार गर्न स्वीकृति प्राप्त बैंक तथा वित्तीय संस्थामा खोलिनेछ ।

(३) उपदफा (२) बमोजिम कोषको बैंक खाता प्रमुख प्रशासकीय अधिकृतले तोकेको लेखा हेर्ने कर्मचारी र सम्बन्धित स्वास्थ्य संस्थाको प्रमुखको संयुक्त दस्तखतबाट सञ्चालन हुनेछ ।

(४) कोष खाता र खर्च खाताबाट भएको आर्थिक कारोबारको उत्तरदायित्व, जिम्मेवारी र जवाफदेहिता अध्यक्ष र सदस्य सचिवमा हुनेछ ।

५८. **लेखा परीक्षण** ; (१) व्यवस्थापन समितिले तोकिए बमोजिम आय व्ययको आन्तरिक नियन्त्रण प्रणाली कायम गर्नेछ ।

(२) आन्तरिक लेखा परीक्षण गाउँपालिकाले तोकेको लेखा परीक्षकले गर्नेछ ।

(३) कोषको अन्तिम लेखा परीक्षण गाउँपालिकाको लेखा परिक्षण सरह महालेखा परीक्षकले गर्नेछ ।

परिच्छेद-१२

कसुर, जरिवाना र क्षतिपूर्ति

५९. **कसूर र सजाय** : (१) दफा १३ विपरीत सेवाग्राहीले आफ्नो कर्तव्य पुरा नगरेमा कसुरको मात्रा र प्रकृति हेरी एक हजार रूपैयाँ देखि पचास हजार रूपैयाँ सम्म जरिवाना हुनेछ।

(२) दफा १४ विपरीत थुनेर वा बाँधेर राखेमा कसुरको मात्रा र प्रकृति हेरी औषधि उपचार गर्दा लागेको खर्च बिगो स्वरूप असुल उपर गरी पाँच हजार रूपैयाँ देखि पचास हजार रूपैयाँ सम्म जरिवाना हुनेछ।

(३) दफा १५ विपरीत सेवा प्रदायकले आफ्नो दायित्व पुरा नगरेमा कसुरको मात्रा र प्रकृति हेरी विभागीय कारवाही वा पाँच हजार रूपैयाँ देखि एक लाख रूपैयाँ सम्म जरिवाना हुनेछ।

(४) दफा १६ विपरीत स्वास्थ्य संस्थामा नियमित र आकस्मिक सेवा अवरुद्ध गरे गराएमा त्यस्तो कार्यबाट पुगेको क्षति बिगो कायम गरी त्यस्तो बिगो र बिगोको पचास प्रतिशतले हुने रकम थप जरिवाना हुनेछ ।

(५) दफा १९ विपरीत इजाजतपत्र नलिई स्वास्थ्य संस्था सञ्चालन गरे गराएमा पच्चीस हजार रूपैयाँ देखि एक लाख रूपैयाँ सम्म जरिवाना हुनेछ।

(६) दफा २० विपरीत गाउँपालिकाबाट पूर्वअनुमति वा दर्ता र नवीकरण सिफारिस नलिएमा पाँच हजार रूपैयाँ देखि पचास हजार रूपैयाँ सम्म जरिवाना हुनेछ।

(७) दफा २१ विपरीत १० प्रतिशत शैय्यामा निशुल्क उपचार प्रदान नगरेमा पचास हजार रूपैयाँ देखि एक लाख रूपैयाँ सम्म जरिवाना हुनेछ।

(८) दफा २९ बमोजिम खाद्य पदार्थ तथा पानीको गुणस्तरका कारण जनस्वास्थ्यमा प्रतिकूल प्रभाव पारेमा, क्षतिको मात्रा र प्रकृति हेरी रूपैयाँ पचास हजार देखि रूपैयाँ एक लाखसम्म जरिवाना हुनेछ।

(९) दफा ३० विपरीत कसैले विज्ञापन गरेको पाइएमा क्षतिको मात्रा र प्रकृति हेरी रूपैयाँ पाँच हजार देखि रूपैयाँ एक लाखसम्म जरिवाना हुनेछ। ।

(१०) स्वास्थ्य उपचार सेवा प्रदान गर्न इन्कार गरेमा वा स्वास्थ्य संस्थाले आधारभूत स्वास्थ्य सेवा तथा स्वास्थ्य संस्थामा उपलब्ध हुने आकस्मिक उपचार नगरेमा वा स्वास्थ्यकर्मी वा सेवा प्रदायकलाई यो ऐन अन्तर्गतको कर्तव्य निर्वाह गर्न बाधा व्यवधान उत्पन्न गरेमा वा स्वास्थ्यकर्मी वा स्वास्थ्य संस्थालाई यो ऐन बमोजिम सूचना वा जानकारी गराउनुपर्ने व्यक्तिले त्यस्तो सूचना वा जानकारी उपलब्ध नगराएमा वा स्वास्थ्यकर्मी वा सेवाप्रदायकलाई जानीजानी गलत सूचना उपलब्ध गराएमा वा स्वास्थ्यकर्मी वा स्वास्थ्य संस्थालाई झुक्याउन अर्को व्यक्ति भएको बहाना गरेमा वा यो ऐन तथा यस ऐनअन्तर्गत बनेको नियम, मापदण्ड, निर्देशिका तथा कार्यविधि बमोजिम जारी भएको सूचना पालना नगरेमा वा यो ऐन तथा यस ऐनअन्तर्गत बनेको नियम, मापदण्ड, निर्देशिका तथा कार्यविधि विपरीतको अन्य कुनै कार्य गरेमा त्यस्तो कार्यबाट भएको क्षतिको मात्रा र प्रकृति हेरी रूपैयाँ पाँच हजार देखि रूपैयाँ एक लाख पचास हाजारसम्म जरिवाना हुनेछ।

(११)) दफा ५२ बमोजिमको गुणस्तर र पूर्वाधारको मापदण्ड पुरा नगरे नगराएमा त्यस्तो कार्यबाट भएको क्षतिको मात्रा र प्रकृति हेरी रूपैयाँ पाँच हजार देखि रूपैयाँ एक लाखसम्म जरिवाना हुनेछ। ।

(१२) प्रयोगशालामा तालिम प्राप्त ल्याव टेक्निसियन बाहेकका व्यक्तिले रगत, दिशा पिसाब, खकार लगायतको परीक्षणमा संलग्न भएको पाइएमा त्यस्तो प्रयोगशाला बन्द गराउन सक्ने, सञ्चालकलाई कालो सूचीमा राखी सोको आम जनतालाई जानकारी गराईने र पाँच हजार रूपैयाँ देखि पच्चीस हाजर रूपैयाँ सम्म जरिवाना हुनेछ। ।

(१३) फार्मेसीमा दर्तावाला सञ्चालक र सहयोगी वाहेक अरुले औषधी बेचेको पाइएमा सचेत गराउने, रूपैयाँ पाँच हजार देखि रूपैयाँ पच्चीस हाजरसम्म जरिवाना तिराउने देखि अनुमति खारेज गर्न सकिने छ ।

६०. **<u>सजाय गर्ने अधिकारी</u>**ः दफा ५९ बमोजिम हुने सजाय गर्ने अधिकार अनुगमन समिति वा प्रमुख प्रशासकीय अधिकृत वा जनस्वास्थ्य निरीक्षकलाई हुनेछ ।

६१. **<u>तत्काल जरिवाना गर्ने</u>** (१) : दफा ६० बमोजिमको समिति वा आधिकारीले कसुरको मात्रा र गम्भीरता हेरी यस ऐन बमोजिम हुने जरिवाना तत्काल गराउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम जरिवाना गर्ने गरी निर्णय भएको मितिले सात दिनभित्र सो जरिवाना नतिर्ने नबुझाउने स्वास्थ्य संस्था वा व्यक्ति विरुद्ध सजाय गर्ने समिति वा अधिकारीले देहाय बमोजिम गर्न सक्नेछ -;

(क) जरिवाना भएको रकम नबुझाएसम्म त्यस्तो वस्तु वा सेवाको कारोबार हुन नसक्ने गरी सिलबन्दी गरेर राख्न,

(ख) जरिवाना भएको रकम नबुझाएसम्म त्यस्तो वस्तु वा सेवाको उत्पादन, ढुवानी, पैठारी वा विक्री गर्ने अन्य वस्तु समेत रोक्का राख्न।

(३) उपदफा (२) बमोजिम जरिवाना गर्ने निर्णय भएकोमा त्यस्तो जरिवाना भुक्तान नगरी वा सो बराबरको रकम गाउँपालिकाको धरौटी खातामा जम्मा नगरी पुनरावेदनको निवेदन दर्ता गरिने छैन ।

६२. **<u>तत्काल जरिवाना गर्दा अपनाउनुपर्ने कार्यविधि</u>** (१) : अनुगमन गर्दा वा कसुरको सूचना प्राप्त भई दफा ५९ बमोजिमको कसूरमा दफा ६१ बमोजिम तत्काल जरिवाना गर्नुपरेमा तोकिए बमिजिमको ढाँचामा आदेश पर्चा खडा गरी सोको एक प्रति सम्बन्धित संस्था वा व्यक्तिलाई बुझाई सोको भर्पाई गराउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम जरिवानाको रकम निर्धारण गर्दा समिति वा सजाय गर्ने अधिकारीले सम्वन्धित संस्था वा व्यक्तिले गरेको कसुरको प्रकृति त्यसको मात्रा त्यसबाट पर्न सक्ने प्रतिकूल प्रभाव समेतको आधारमा निर्धारण गर्नुपर्नेछ ।

(३) उपदफा (१) बमोजिम समिति वा सजाय गर्ने अधिकारीले जरिवानाको आदेश दिँदा जरिवानाको रकम त्यस्तो जरिवाना बुझाउने स्थान र जरिवाना दाखिला गर्नुपर्ने अन्तिम मिति समेत तोकिदिनु पर्नेछ ।

(४) उपदफा (३) बमोजिमको आदेश सम्बन्धित संस्था वा व्यवसाय सञ्चालक वा व्यक्तिले बुझिलिन इन्कार गरेमा वा सो कार्यमा बाधा अवरोध गरेमा समिति वा सजाय गर्ने अधिकारीले प्रहरीको सहयोगमा त्यस्तो जरिवानाको आदेश बुझाउन सक्नेछ ।

(५) समिति वा जरिवाना गर्ने अधिकारीले आफुले गरेको तत्काल जरिवाना सम्बन्धी आदेशको अभिलेख तोकिए बमोजिमको ढाँचामा राख्नुपर्नेछ ।

६३. **<u>सजाय सम्बन्धी व्यवस्था</u>**: कसैले यस ऐन बमोजिम कसुर गरेकोमा उक्त कसुर प्रचलित अन्य कानून बमोजिम सजाय हुने रहेछ भने सो बमोजिम मुद्दा चलाउन र सजाय गर्न यस ऐनको प्रावधानले बाधा पुर्याएको मानिने छैन।

६४. **<u>उजुरी दिन सक्ने</u>**(१) : यस ऐन वा प्रचलित कानून विपरीत कुनै संस्था वा व्यवसाय वा व्यक्तिले कुनै कसुर गरे गराएमा जो कोहि नेपाली नागरिकले गाउँपालिका वा कार्यालय, समिति, वडा समिति ,अनुगमन समिति, निरीक्षण अधिकृत वा कार्यलयको उपभोक्ता हित संरक्षण हेर्ने शाखा वा इकाई वा डेक्समा मौखिक वा लिखित सूचना वा उजुरी दिन सक्नेछन् ।

(२) उपदफा (१) बमोजिमको निकाय वा अधिकारीले लिखित सूचना वा सार्वजनिक सञ्चार माध्यमबाट प्राप्त सूचनालाई उजुरीको रुपमा ग्रहण गर्न सक्नेछ ।

(३) उपदफा (१) कुनै अन्य वा सूचना वा उजुरी प्राप्त बमोजिमसरकारी नियकाबाट अनुगमनको लागि लेखी आएमा समिति वा सजाय गर्ने अधिकारीले एकआपसमा समन्वय गरी अनुगमन तथा निरीक्षण गर्न सकिनेछ।

(४) उपदफा (३) बमोजिम अनुगमन तथा निरीक्षण गर्दा संस्था वा व्यवसाय वा व्यक्तिले यस ऐन विपरीतको क्रियाकलाप गरेको पाईएमा तत्काल कारवाही चलाईनेछ।

६५. **सम्बन्धित निकाय वा अधिकारी समक्ष लेखी पठाउन सक्नेः** (१) यस ऐन बमोजिम अनुगमन वा उजुरीबाट प्रचलित कानून बमोजिम कुनै कसुर भएको वा भैरहेको वा हुन सक्ने सम्भावना समिति वा बजार अनुगमन टोली वा निरीक्षण अधिकृत वा अनुगमनकर्ताले देखेमा सम्बन्धित निकाय वा अधिकारी समक्ष छानविन र अनुसन्धानका लागि लेखी पठाउन सक्नेछ ।

(२) उपदफा (१) लेखी पठाएको विषयमाबमोजिम सम्बन्धित निकाय वा अधिकारी समक्ष सम्बन्धित व्यक्तिले जानकारी माग गरेमा समिति वा बजार अनुगमन टोली वा निरीक्षण अधिकृत वा अनुगमनकर्ताले जानकारी गराउनु पर्नेछ।

६६. **क्षतिपूर्ति दिनुपर्ने** : (१) गाउँपालिकाभित्र कुनै व्यक्ति वा संस्थाले यो ऐन वा यस ऐनअन्तर्गत बनेको नियम, निर्देशिका वा मापदण्ड विपरीतका गतिविधिले अन्य व्यक्तिको स्वास्थ्यमा प्रत्यक्ष रूपमा प्रतिकूल असर गरेमा त्यस्तो कार्यबाट पीडित व्यक्ति वा संस्थाले आफूलाई पुग्न गएको क्षति भराई पाउन न्यायिक समितिमा निवेदन दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम परेको निवेदन सम्बन्धमा छानबिन तथा जाँचबुझ गर्दा निवेदकलाई हानी नोक्सानी भएको ठहरेमा क्षतिको यकिन गरी त्यसरी हानी नोक्सानी पुर्‍याउने व्यक्ति, संस्था वा प्रस्तावकबाट पीडितलाई न्यायिक समितिले मनासिब क्षतिपूर्ति भराई दिनु पर्नेछ ।

६७. **सहुलियत तथा पुरस्कार प्रदान गर्न सक्ने** ; प्रचलित मापदण्डका अतिरिक्त जनस्वास्थ्यमा सकारात्मक प्रभाव पर्ने गरी विशेष सेवा प्रदान गर्ने स्वास्थ्य संस्थाहरूलाई प्रोत्साहित गर्न गाउँपालिकाले सहुलियत तथा पुरस्कार प्रदान गर्न सक्नेछ ।

परिच्छेद-१३

विविध

६८. **पोषण कार्यक्रम सञ्चालन गर्ने** : (१) गाउँपालिकाले गर्भवति महिला, आमा र शिशुको लागि पोषण सुरक्षा कार्यक्रमको सञ्चालन र प्रवर्द्धन गर्नेछ ।

(२) गाउँपालिकाले योजना बनाई स्तनपान प्रवर्द्धन कार्यक्रम सञ्चालन गर्न सक्नेछ ।

(३) गाउँपालिकाले योजना बनाई गाउँपालिका क्षेत्रभित्र कुपोषणको पहिचान, न्यूनीकरण, रोकथाम, नियन्त्रण र व्यवस्थापनका साथै अति कुपोषित बालबालिकाको पुनार्स्थापना कार्यक्रम सञ्चालन गर्न सक्नेछ ।

६९. **स्वास्थ्य कार्यक्रम सञ्चालन गर्नेः** (१) कार्यपालिकाले लक्ष्य निर्धारण गरि योजना निर्माण, कार्यन्वयन, मुल्याङ्कन तथा समिक्षाको कार्यतालिका बनाई आवश्यकता अनुसार स्वास्थ्य/जनस्वास्थ्य सम्बन्धी प्रवर्द्धनात्मक, प्रतिकारात्मक, उपचारात्मक तथा पुनःस्थापना सम्बन्धी कार्यक्रमहरू सञ्चालन गर्न सक्नेछ ।

(२) गाउँपालिकाले नागरिकको स्वास्थ्य बिमामा पहुँच वृद्धी गर्नका लागि स्वास्थ्य बिमा सम्बन्धी बिशेष कार्यक्रम निर्माण र सञ्चालन गर्न सक्नेछ ।

(३) गाउँपालिकाले विपन्न नागरिकलाई स्वास्थ्य सेवा प्रदान गर्नका लागि विपन्न नागरिक औषधि उपचार तथा स्वास्थ्य सेवा सम्बन्धी बिशेष कार्यक्रम निर्माण र सञ्चालन गर्न सक्नेछ ।

(४) गाउँपालिकाले विपन्न नागरिकलाई स्वास्थ्य सेवा प्रदान गर्नका लागि विपन्न नागरिक औषधि उपचार कोषको स्थापना र सञ्चालन गर्न सक्नेछ ।

७०. **विपद् व्यवस्थापन संयन्त्रः** (१) कार्यपालिकाले सम्भावित महामारी लगायतका जनस्वास्थ्य विपद्हरूको पूर्वतयारी, जाँचपड्ताल, व्यवस्थापन र जोखिम न्यूनीकरणको लागि उपयुक्त संयन्त्र सहितको प्रबन्ध गर्नेछ ।

(२) कार्यपालिकाले आपत्लीन सरुवा तथा महामारी रोग नियन्त्रण तथा व्यवस्थापनका लागि आवश्यकतानुसारको अस्थायी अस्पताल तथा जनशक्तिको व्यवस्थापन गर्न सक्नेछ ।

(३) सम्भावित महामारीको जोखिम पहिचान गरी तिनको रोकथामको लागि अन्य संस्था तथा निकायसंगको सहकार्यमा योजना बनाई कार्यान्वयन गर्नेछ ।

(४) गाउँपालिकाले महामरी र विपद्बाट थप क्षति हुन नदिन स्थानीय संयन्त्र परिचालन गर्न र थप सहयोगको लागि अन्य स्थानीय सरकार, प्रदेश र संघीय सरकारसँग अनुरोध गर्न सक्नेछ ।

७१. **सेवा शुल्क निर्धारण र पुनरावलोकनः** (१) गाउँपालिकाले प्रचलित कानूनको अधिनमा रही गाउँपालिका क्षेत्रभित्र सञ्चालनमा रहेका अस्पताल, स्वास्थ्य संस्था र चिकित्सकीय परामर्श सेवा प्रवाह गरे बापत लिइने अधिकतम् शुल्क निर्धारण तथा पुनरावलोकन गर्न सक्नेछ ।

(२) कुनै पनि स्वास्थ्य संस्थाले उपदफा (१) को प्रतिकूल नहुने गरी आफ्ना सेवाको शुल्क परिवर्तन गर्दा परिवर्तन गर्नुपर्ने आधार प्रष्ट खुलाई गाउँपालिकालाई पूर्वजानकारी गराउनु पर्नेछ ।

(३) स्वास्थ्य संस्थाले सेवा शुल्कको सूची नागरिक वडापत्रमा समावेश गरी सबै सेवाग्राहीले देख्ने स्थानमा राख्नुपर्नेछ ।

७२. **अधिकार प्रयोग गर्न सक्ने ;** यस ऐनमा सभाले गर्ने भनि तोकेको बाहेक अन्य अधिकारहरू कार्यपालिकाले प्रयोग गर्न गर्नेछ ।

७३. **<u>तालिम सञ्चालन गर्ने</u>** ; गाउँपालिकाले जनस्वास्थ्यसँग सम्बन्धित पाठ्यक्रम विकास गरी समय-समयमा तालिम प्रदान गर्न सक्नेछ र सोको अनुगमन समेत गर्नेछ ।

७४. **<u>प्रचलित कानून बमोजिम</u> ;** यस ऐनमा तोकिए जति विषय यसै ऐन बमोजिम र यस ऐनमा नतोकिएका विषयको हकमा प्रचलित कानून बमोजिम हुनेछ ।

७५. **<u>अधिकार प्रत्यायोजन गर्न सक्ने</u>** ; कार्यपालिकाले यस ऐनअन्तर्गत तोकिएका जिम्मेवारी तथा अधिकार स्वास्थ्य शाखामा र शाखाले जनस्वास्थ्य महाशाखामा प्रत्यायोजन गर्न सक्नेछ ।

७६. **<u>पुनरावेदन दिन सक्ने</u>** ; (१) दफा ६३ बमोजिमको कसुरमा दफा ६४ बमोजिमको सजाय गर्ने अधिकारीले गरेको सजायमा चित्त नबुझ्ने पक्षले त्यस्तो आदेश भएको पन्ध्र दिनभित्र सिलीचोङ गाउँपालिकाको न्यायिक समिति समक्ष पुनरावेदन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम गरेको पुनरावेदन उपर न्यायिक समितिबाट भएको निर्णय उपर चित्त नबुझ्ने पक्षले त्यस्तो निर्णय भएको मितिले पैतिस दिनभित्र संखुवासभा जिल्ला अदालतमा पुनरावेदन दिन सक्नेछ ।

७७. **<u>नियम बनाउन सक्ने</u>** ; यस ऐनको कार्यन्वयनको लागि कार्यपालिकाले आवश्यक नियम बनाउन सक्नेछ र त्यस्तो नियम स्थानीय राजपत्रमा प्रकाशन भएपछि लागु हुनेछ ।

७८. **<u>मापदण्ड वा निर्देशिका वा कार्यविधि बनाउन सक्ने</u>** ; यस ऐन र ऐन अन्तर्गत बनेको नियमको कार्यान्वयनको लागि कार्यपालिकाले आवश्यक मापदण्ड, निर्देशिका र कार्यविधि बनाउन सक्नेछ र त्यस्तो नियम स्थानीय राजपत्रमा प्रकाशन भएपछि लागु हुनेछ ।

७९. **<u>खारेजी र बचाउ</u>** (१) :देहायका कार्यविधि र मापदण्डहरू खारेज गरिएकोछ -;

(क) सिलीचोङ गाउँपालिकाको स्वास्थ्य बिमा कार्यक्रम सञ्चालन कार्यविधि,२०८०,

(ख) विपन्न नागरिक औषधी उपचार कोष सञ्चालन कार्यविधि, २०७९ ।

(२) उपदफा (१) बमोजिम खारेज भएका कार्यविधि बमोजिम भए गरेका काम कारवाहीहरू यसै ऐन बमोजिम भए गरेको मानिनेछ ।